अन्तरदिवसीय धितोपत्र कारोबार सम्बन्धी नियमावली, २०८३

(प्रारम्भिक मस्यौदा)

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी अन्तरदिवसीय धितोपत्र कारोबारको सञ्चालन व्यवस्थित बनाउन बोर्डले नेपाल सरकारको स्वीकृतिमा देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "अन्तरदिवसीय धितोपत्र कारोबार सम्बन्धी नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई सम्झनु पर्छ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(ग) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रूपमा धितोपत्र खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ।

(घ) "अन्तरदिवसीय कारोबार" भन्नाले एकै कारोबार दिनभित्र एउटै धितोपत्रको खरिद र बिक्री वा बिक्री र खरिद गरी सोही दिनभित्र कारोबार स्थिति समापन गरिने कारोबार सम्झनु पर्छ।

(ङ) "योग्य लगानीकर्ता" भन्नाले बोर्ड वा धितोपत्र बजारले तोकेको मापदण्ड पूरा गरेको अन्तरदिवसीय कारोबार गर्न योग्य ग्राहक सम्झनु पर्छ।

(च) "धितोपत्र व्यवसायी" भन्नाले बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र दलाल वा धितोपत्र व्यापारी सम्झनु पर्छ।

(छ) "मार्जिन" भन्नाले अन्तरदिवसीय कारोबारको जोखिम व्यवस्थापनका लागि ग्राहकबाट धितोपत्र दलालकोमा राखिएको रकम, स्वीकृत धितो वा बोर्डद्वारा तोकिएको अन्य सम्पत्तिलाई सम्झनु पर्छ।

(ज) "खुला अवस्था" भन्नाले कारोबार सत्र समाप्त नहुँदासम्म अन्तरदिवसीय कारोबारमा ग्राहकले खरिद गरेको भए बिक्री र बिक्री गरेको भए खरिद नगरेको अवस्थालाई सम्झनु पर्छ।

(झ) "स्वतः बन्द" भन्नाले तोकिएको समयभित्र ग्राहकले खुला अवस्था बन्द नगरेमा प्रणालीमार्फत स्वतः बन्द गरिने प्रक्रियालाई सम्झनु पर्छ।

(ञ) "जोखिम व्यवस्थापन प्रणाली" भन्नाले अन्तरदिवसीय कारोबारसँग सम्बन्धित जोखिमको वास्तविक समय निगरानी, मार्जिन गणना, कारोबार सीमा नियन्त्रण तथा स्वचालित नियन्त्रण गर्ने प्रणाली सम्झनु पर्छ।

(ट) "योग्य धितोपत्र" भन्नाले बोर्ड वा धितोपत्र बजारले अन्तरदिवसीय कारोबारका लागि तोकेको धितोपत्र सम्झनु पर्छ।

परिच्छेद-२

अन्तरदिवसीय धितोपत्र कारोबार सञ्चालनको स्वीकृति तथा योग्यता सम्बन्धी व्यवस्था

३. **अन्तरदिवसीय धितोपत्र कारोबार सञ्चालनको स्वीकृतिः** (१) बोर्डले यस नियमावली तथा प्रचलित कानून बमोजिम अन्तरदिवसीय धितोपत्र कारोबार सञ्चालन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ।

(२) धितोपत्र बजारले बोर्डको स्वीकृति प्राप्त गरी आवश्यक प्राविधिक पूर्वाधार, जोखिम व्यवस्थापन प्रणाली तथा सञ्चालन व्यवस्था तयार गरेपछि मात्र अन्तरदिवसीय कारोबार सञ्चालन गर्न पाउनेछ।

(३) कुनै पनि धितोपत्र व्यवसायीले बोर्ड तथा धितोपत्र बजारबाट तोकिएका मापदण्ड पूरा नगरी अन्तरदिवसीय कारोबार सेवा सञ्चालन गर्न पाउने छैन।

४. **योग्य धितोपत्रः** (१) बोर्डले तोकेको मापदण्ड पूरा गरेका सूचीकृत धितोपत्र मात्र अन्तरदिवसीय कारोबारका लागि योग्य हुनेछन्।

(२) बोर्डले देहायका विषयलाई आधार मानी योग्य धितोपत्र निर्धारण गर्नेछः-

(क) धितोपत्रको तरलता,

(ख) दैनिक कारोबार परिमाण,

(ग) कारोवारयोग्य (फ्रि फ्लोट) शेयरको संख्या,

(घ) मूल्य अस्थिरता,

(ङ) बजार पूँजीकरण,

(च) संस्थागत सुशासन,

(छ) सूचीकृत संगठित संस्थाको वित्तीय अवस्था,

(ज) अन्य जोखिम सूचकहरू।

५. **योग्य धितोपत्रको सूचीः** (१) धितोपत्र बजारले समय-समयमा योग्य धितोपत्रको सूची प्रकाशित गर्नेछ।

(२) धितोपत्र बजारले कुनै धितोपत्रलाई सूचीबाट थपघट वा निलम्बन गर्न सक्नेछ।

(३) धितोपत्र बजारले यस नियम बमोजिम योग्य धितोपत्रको सूची प्रकाशन, थपघट वा निलम्बन गरेको विवरण बोर्डमा पेश गर्नुपर्नेछ।

६. **<u>योग्य धितोपत्र व्यवसायी</u>**: (१) अन्तरदिवसीय कारोबार सेवा प्रदान गर्न चाहने धितोपत्र व्यवसायीले बोर्डबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ।

(२) स्वीकृतिका लागि धितोपत्र व्यवसायीले देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछः

(क) न्यूनतम बीस करोड रुपैयाँ चुक्ता पूँजी भएको,

(ख) नेटवर्थ चुक्ता पूँजीभन्दा बढी भएको,

(ग) जोखिम व्यवस्थापन प्रणाली सञ्चालनमा रहेको,

(घ) आदेश व्यवस्था प्रणाली तथा कारोबार प्रणाली एकीकृत भएको,

(ङ) दक्ष जोखिम व्यवस्थापन अधिकारी नियुक्त गरेको,

(च) आन्तरिक नियन्त्रण तथा अनुपालन प्रणाली लागू गरेको,

(छ) व्यवसाय निरन्तरता योजना तथा विपद् पुनःस्थापना योजना भएको,

(ज) बोर्डले तोकेका अन्य शर्तहरू पूरा गरेको।

(३) बोर्डले धितोपत्र व्यवसायीको सञ्चालन क्षमता, वित्तीय अवस्था वा अनुपालन स्थितिका आधारमा अन्तरदिवसीय कारोबारको स्वीकृति निलम्बन, सीमित वा रद्द गर्न सक्नेछ।

७. **<u>योग्य लगानीकर्ता</u>**: (१) धितोपत्र व्यवसायीले ग्राहकको पहिचान, वित्तीय क्षमता, जोखिम वहन क्षमता तथा उपयुक्तता मूल्याङ्कन गरी अन्तरदिवसीय कारोबारको सुविधा उपलब्ध गराउनु पर्नेछ।

(२) ग्राहकले अन्तरदिवसीय कारोबार प्रारम्भ गर्नु अघि देहायका कागजातहरू उपलब्ध गराउनु पर्नेछः

(क) ग्राहक परिचय विवरण,

(ख) अन्तरदिवसीय कारोबारमा निहित जोखिम बुझेको घोषणापत्र,

(ग) अन्तरदिवसीय कारोबारको सम्झौता,

(घ) मार्जिन सम्बन्धी सहमति,

(ङ) बोर्ड वा धितोपत्र व्यवसायीले माग गरेका अन्य कागजात।

(३) अन्तरदिवसीय धितोपत्र कारोबारका लागि ग्राहक उपयुक्तता मूल्याङ्कन फारम अनुसूची-१ बमोजिम हुनेछ।

(५) बोर्डले आवश्यक ठानेमा निश्चित वर्गका लगानीकर्ता वा संस्थागत लगानीकर्ताका लागि थप योग्यता वा मापदण्ड वा प्रतिबन्ध तोक्न सक्नेछ।

८. **<u>कारोबार समय तथा कारोबार सत्र</u>**: (१) धितोपत्र बजारले निर्धारण गरेको कारोबार समयभित्र मात्र अन्तरदिवसीय कारोबार सञ्चालन हुनेछ।

(२) धितोपत्र बजारले आवश्यकतानुसार देहायका कारोबार सत्र निर्धारण गर्न सक्नेछः

(क) प्रारम्भिक कारोबार सत्र

(ख) निरन्तर कारोबार सत्र

(ग) अन्तरदिवसीय कारोबार स्थिति समापन सत्र

(घ) अन्तिम कारोबार सत्र

(३) असाधारण बजार अवस्था, प्राविधिक समस्या, प्राकृतिक विपत्ति वा सार्वजनिक हितका कारण धितोपत्र बजारले बोर्डको निर्देशन वा स्वीकृतिमा कारोबार समय परिवर्तन, विस्तार, स्थगन वा बन्द गर्न सक्नेछ।

(४) कारोबार समय, सत्र सम्बन्धी सञ्चालन व्यवस्था धितोपत्र बजारले सार्वजनिक सूचना मार्फत प्रकाशित गर्नु पर्नेछ।

परिच्छेद-३

अन्तरदिवसीय धितोपत्र कारोबार सञ्चालन

९. **अन्तरदिवसीय धितोपत्र कारोबार सञ्चालनः** (१) धितोपत्र बजारले सञ्चालन गरेको विद्युतीय कारोबार प्रणालीमार्फत मात्र अन्तरदिवसीय धितोपत्र कारोबार सञ्चालन हुनेछ।

(२) धितोपत्र व्यवसायीले अन्तरदिवसीय कारोबार सञ्चालन गर्नु अघि ग्राहकको आदेश, मार्जिन, जोखिम सीमा तथा अन्य आवश्यक शर्तहरूको परीक्षण गर्नु पर्नेछ।

(३) धितोपत्र बजारले अन्तरदिवसीय कारोबार सञ्चालनका लागि आवश्यक प्रणाली, सुरक्षा व्यवस्था तथा वास्तविक समय जोखिम नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

१०. **खरिद तथा बिक्री आदेशः** (१) ग्राहकले अन्तरदिवसीय कारोबारमा खरिद वा बिक्री आदेश धितोपत्र व्यवसायीले सञ्चालन गरेको विद्युतीय कारोबार व्यवस्थापन प्रणालीमार्फत प्रविष्ट गर्नु पर्नेछ।

(२) प्रत्येक आदेशमा कम्तीमा देहायका विवरण समावेश हुनु पर्नेछः

(क) ग्राहक परिचय,

(ख) धितोपत्रको संकेत,

(ग) आदेशको प्रकार,

(घ) परिमाण,

(ङ) मूल्य,

(च) बोर्ड वा धितोपत्र बजारले तोकेका अन्य विवरण।

(३) आदेश प्रविष्ट गरेपछि प्रणालीले प्रत्येक आदेशलाई विशेष पहिचान नम्बर प्रदान गर्नुपर्नेछ।

(४) धितोपत्र बजारले गलत, अपूर्ण वा नियमविपरीत भएका आदेशलाई प्रणालीले अस्वीकार गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

११. **आदेश मिलानः** (१) आदेशहरूको मिलान धितोपत्र बजारको स्वचालित कारोबार प्रणाली मार्फत हुनेछ।

(२) आदेश मिलान निष्पक्ष, पारदर्शी तथा नियम बमोजिम हुनु पर्नेछ।

(३) आदेश मिलानको प्राथमिकता, संशोधन, रद्द तथा अन्य व्यवस्था धितोपत्र बजारले जारी गरेको कारोबार सम्बन्धी विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

१२. <u>खुला अवस्था</u>ः (१) अन्तरदिवसीय कारोबारबाट सिर्जना भएको खुला अवस्था सोही कारोबार दिनभित्र व्यवस्थापन गर्नु पर्नेछ।

(२) ग्राहकको खुला अवस्था बोर्ड, धितोपत्र बजार वा धितोपत्र व्यवसायीले तोकेको जोखिम सीमाभन्दा बढी हुन पाउने छैन।

(३) खुला अवस्थाको वास्तविक समय निगरानी धितोपत्र व्यवसायीको जोखिम व्यवस्था प्रणालीमार्फत गर्नुपर्नेछ।

१३. <u>खुला अवस्था बन्द गर्ने</u>ः (१) ग्राहकले नियम ८ बमोजिम निर्धारण भएको कारोबार समय समाप्त हुनुअघि आफ्नो खुला अवस्था स्वयं बन्द गर्नु पर्नेछ।

(२) खुला अवस्था बन्द गर्ने प्रक्रिया, समय तथा प्राथमिकता बोर्ड वा धितोपत्र बजारले तोके बमोजिम हुनेछ।

(३) खुला अवस्था पूर्ण रूपमा बन्द भएपछि धितोपत्र व्यवसायीले सो कारोबारको नाफा, नोक्सानी तथा अन्य वित्तीय दायित्व सम्बन्धित ग्राहकको खातामा समायोजन गर्नुपर्नेछ।

१४. <u>खुला अवस्था स्वतः बन्द गर्ने</u>ः (१) ग्राहकले तोकिएको समयभित्र खुला अवस्था बन्द नगरेमा धितोपत्र व्यवसायीले प्रणालीमार्फत खुला अवस्था स्वतः बन्द गर्नु पर्नेछ।

(२) खुला अवस्था स्वतः बन्द गर्दा उत्पन्न हुने नाफा, नोक्सानी, शुल्क तथा अन्य दायित्व सम्बन्धित ग्राहक स्वयंले व्यहोर्नु पर्नेछ।

(३) खुला अवस्था स्वतः बन्द गर्ने विस्तृत प्रक्रिया धितोपत्र बजारले तोके बमोजिम हुनेछ।

(४) खुला अवस्था स्वतः बन्द गर्ने कार्य सम्पन्न भएपछि ग्राहकले स्वचालित रुपमा जानकारी पाउने व्यवस्था गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम ग्राहकलाई जानकारी दिँदा समावेश हुनु पर्ने विवरण देहाय बमोजिम हुनुपर्नेछ।

(क) कारोबार समय

(ख) सम्बन्धित धितोपत्र

(ग) कारोबार परिमाण

(घ) कारोबार मूल्य

(ङ) खुला अवस्था स्वतः बन्द भएको कारण

(च) अन्य आवश्यक विवरण।

१५. <u>कारोबार रूपान्तरण</u>ः (१) बोर्डले तोके बमोजिमको अबस्थामा ग्राहकले अन्तरदिवसीय कारोबारलाई धितोपत्र लिने वा दिने गरी सामान्य कारोबारमा रूपान्तरण गर्न सक्नेछ।

(२) कारोबार रूपान्तरणको लागि आवश्यक मार्जिन, भुक्तानी तथा धितोपत्र हस्तान्तरण सम्बन्धी व्यवस्था बोर्डले तोके बमोजिम हुनेछ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डले निश्चित धितोपत्र वा निश्चित कारोबारमा रूपान्तरण सुविधा उपलब्ध नगराउन सक्नेछ।

परिच्छेद—४

मार्जिन, अधिकतम कारोबार सीमा तथा जोखिम नियन्त्रण

१६. **मार्जिन सम्बन्धी व्यवस्थाः** (१) अन्तरदिवसीय धितोपत्र कारोबार गर्ने प्रत्येक ग्राहकले तोकिए बमोजिमको आवश्यक मार्जिन कायम राख्नु पर्नेछ।

(२) धितोपत्र व्यवसायीले पर्याप्त मार्जिन प्राप्त नगरी अन्तरदिवसीय कारोबार सञ्चालन गर्न पाउने छैन।

(३) मार्जिनको प्रकार, दर, गणना विधि, स्वीकार्य धितो सुरक्षण तथा अन्य सम्बन्धित व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) मार्जिन व्यवस्थापन सम्बन्धी न्यूनतम सिद्धान्त अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

१७. **मार्जिनको पुनर्मूल्याङ्कनः** (१) धितोपत्र व्यवसायीले ग्राहकको मार्जिनको पर्याप्तता वास्तविक समयमा वा बोर्डले तोकेको अवधिमा पुनर्मूल्याङ्कन गर्नु पर्नेछ।

(२) बजार मूल्य, खुला अवस्था, जोखिम स्तर वा अन्य कारणबाट आवश्यक मार्जिन परिवर्तन भएमा धितोपत्र व्यवसायीले तत्काल आवश्यक समायोजन गर्नु पर्नेछ।

(३) मार्जिन पुनर्मूल्याङ्कन सम्बन्धी विस्तृत व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **अधिकतम कारोबार सीमाः** (१) प्रत्येक ग्राहक, धितोपत्र व्यवसायी, धितोपत्र तथा सम्पूर्ण बजारका लागि अधिकतम कारोबार सीमा निर्धारण गर्न सकिनेछ।

(२) अधिकतम कारोबार सीमा निर्धारण गर्दा देहायका विषयहरुलाई आधार मानिनेछः

(क) ग्राहकको वित्तीय क्षमता,

(ख) मार्जिनको पर्याप्तता,

(ग) धितोपत्रको तरलता,

(घ) बजार जोखिम,

(ङ) धितोपत्रको सूचीकृत संख्याको प्रतिशत,

(ङ) बोर्डले तोकेका अन्य आधार।

(३) अधिकतम कारोबार सीमा व्यवस्थापन सम्बन्धी न्यूनतम सिद्धान्त अनुसूची-३ बमोजिम हुनेछ।

१९. **जोखिम व्यवस्थापन प्रणालीः** (१) प्रत्येक धितोपत्र व्यवसायीले जोखिम व्यवस्थापन प्रणाली सञ्चालन गर्नु पर्नेछ।

(२) जोखिम व्यवस्थापन प्रणाली कम्तीमा देहायका कार्य गर्न सक्ने हुनु पर्नेछः

(क) मार्जिन गणना,

(ख) खुला अवस्थाको निगरानी,

(ग) अधिकतम कारोबार सीमाभन्दा माथिको कारोबार नियन्त्रण,

(घ) जोखिम सीमा उल्लङ्घनको चेतावनी,

(ङ) स्वतः कारोबार नियन्त्रण,

(च) बोर्डले तोकेका अन्य कार्य।

(३) जोखिम व्यवस्थापन प्रणाली सम्बन्धी न्यूनतम कार्यात्मक तथा प्राविधिक मापदण्ड अनुसूची-४ बमोजिम हुनेछ।

२०. **मार्जिन अभावः** (१) ग्राहकको मार्जिन आवश्यक स्तरभन्दा कम भएमा धितोपत्र व्यवसायीले तत्काल ग्राहकलाई सूचना दिनुपर्नेछ।

(२) ग्राहकले तोकिएको समयभित्र आवश्यक मार्जिन उपलब्ध नगराएमा धितोपत्र व्यवसायीले जोखिम नियन्त्रणका लागि आवश्यक कदम चाल्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम अपनाइने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

२१. **खुला अवस्थाको नियन्त्रणः** (१) ग्राहकको खुला अवस्था बोर्ड वा धितोपत्र व्यवसायीले तोकेको सीमाभन्दा बढी हुन पाउने छैन।

(२) जोखिम नियन्त्रणका लागि धितोपत्र व्यवसायीले ग्राहकको नयाँ आदेश सीमित गर्न, खुला अवस्था घटाउन वा स्वतः बन्द गर्न सक्नेछ।

(३) अन्तरदिवसीय कारोबारको स्वतः खुला अवस्था बन्द सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-५ बमोजिम हुनेछ ।

२२. **जोखिम नियन्त्रणका विशेष उपायः** (१) बजारमा असामान्य उतारचढाव, प्रणालीगत जोखिम वा सार्वजनिक हितको अवस्था उत्पन्न भएमा बोर्डले आवश्यक विशेष जोखिम नियन्त्रण उपाय लागू गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डले देहायका कुनै वा सबै उपाय लागू गर्न सक्नेछः

(क) मार्जिन वृद्धि,

(ख) अधिकतम कारोबार सीमा परिवर्तन,

(ग) निश्चित धितोपत्रमा अन्तरदिवसीय कारोबार अस्थायी रूपमा रोक्ने,

(घ) लगानीकर्ताका लागि विशेष शर्त लागू गर्ने,

(ङ) अन्य आवश्यक जोखिम नियन्त्रणका उपाय ।

परिच्छेद-५

धितोपत्र व्यवसायीको दायित्व, आन्तरिक नियन्त्रण तथा अनुपालन

२३. **धितोपत्र व्यवसायीको दायित्वः** (१) धितोपत्र व्यवसायीले अन्तरदिवसीय धितोपत्र कारोबार यस नियमावली, प्रचलित कानून तथा बोर्डद्वारा जारी निर्देशिका एवं निर्देशन बमोजिम सञ्चालन गर्नुपर्नेछ।

(२) धितोपत्र व्यवसायीले निष्पक्ष, पारदर्शी, सुरक्षित तथा व्यवस्थित कारोबार वातावरण सुनिश्चित गर्नुपर्नेछ।

(३) धितोपत्र व्यवसायीले ग्राहकको हितलाई प्राथमिकता दिई व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

२४. **ग्राहक पहिचान तथा उपयुक्तताः** (१) धितोपत्र व्यवसायीले अन्तरदिवसीय कारोबार सुविधा उपलब्ध गराउनु अघि प्रत्येक ग्राहकको ग्राहक परिचय विवरण लिई ग्राहकको पहिचान तथा जोखिम मूल्याङ्कन गर्नु पर्नेछ।

(२) ग्राहकको वित्तीय क्षमता, लगानी अनुभव, जोखिम वहन क्षमता तथा कारोबार उद्देश्यको मूल्याङ्कन गरेर मात्र अन्तरदिवसीय कारोबारको अनुमति दिनु पर्नेछ।

(३) उच्च जोखिम भएका ग्राहकका सम्बन्धमा बोर्डद्वारा तोकिए बमोजिम थप सावधानी अपनाउनु पर्नेछ।

२५. **ग्राहकसँगको सम्झौताः** (१) अन्तरदिवसीय कारोबार प्रारम्भ गर्नु अघि धितोपत्र व्यवसायीले ग्राहकसँग अनुसूची-६ मा उल्लेख गरेका विषयसहित बोर्डबाट स्वीकृत ढाँचामा लिखित वा विद्युतीय सम्झौता गर्नु पर्नेछ।

(२) उक्त सम्झौतामा न्यनुतम देहायका विषय समावेश हुनुपर्नेछः

(क) कारोबारका शर्तहरू,

(ख) मार्जिन सम्बन्धी व्यवस्था,

(ग) जोखिम खुलासा,

(घ) स्वतः खुला अवस्था बन्द हुने परिस्थिति,

(ङ) शुल्क तथा दायित्व,

(च) विवाद समाधान प्रक्रिया,

(छ) बोर्डले तोकेका अन्य विषय।

२६. **आन्तरिक नियन्त्रण प्रणालीः** (१) धितोपत्र व्यवसायीले प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली लागू गर्नु पर्नेछ।

(२) आन्तरिक नियन्त्रण प्रणालीमा न्यूनतम रुपमा देहायका व्यवस्था समावेश हुनु पर्नेछः

(क) कार्य विभाजन,

(ख) मेकर चेकरको व्यवस्था

(ग) जोखिम व्यवस्थापन कार्य,

(घ) अनुपालन परीक्षण,

(ङ) आन्तरिक लेखापरीक्षण,

(च) सूचना सुरक्षा नियन्त्रण।

(३) प्रविधि, सूचना सुरक्षा तथा सञ्चालनगत लचकता सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-७ बमोजिम हुनेछ।

(४) अनुपालन व्यवस्थापन तथा आन्तरिक नियन्त्रण सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-८ अनुरूप हुनेछ।

२७. **अनुपालन अधिकृत तथा जोखिम व्यवस्थापन अधिकृतः** (१) प्रत्येक धितोपत्र व्यवसायीले अर्थशास्त्र वा कानून वा व्यवस्थापन वा सूचना प्रविधि विषयमा स्नातक उपाधि प्राप्त गरेका एक जना अनुपालन **अधिकृत** र एक जना जोखिम व्यवस्थापन **अधिकृत** नियुक्त गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको अधिकृतको अन्य योग्यता, जिम्मेवारी तथा कार्यक्षेत्र बोर्डले तोके बमोजिम हुनेछ।

२८. **अभिलेख तथा विवरण सुरक्षित राख्नेः** (१) धितोपत्र व्यवसायीले अन्तरदिवसीय कारोबारसँग सम्बन्धित सम्पूर्ण अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा कम्तीमा देहायका विवरण समावेश हुनु पर्नेछः

(क) ग्राहक विवरण,

(ख) आदेश अभिलेख,

(ग) कारोबार अभिलेख,

(घ) मार्जिन विवरण,

(ङ) जोखिम सम्बन्धी अभिलेख,

(च) सञ्चार अभिलेख,

(छ) बोर्डले तोकेका अन्य विवरण।

(३) अभिलेख सुरक्षित राख्ने अवधि बोर्डले तोके बमोजिम हुनेछ।

२९. **प्रतिवेदन तथा सूचना उपलब्ध गराउनेः** (१) धितोपत्र व्यवसायीले बोर्ड तथा धितोपत्र बजारलाई आवश्यक प्रतिवेदन तथा सूचना समयमै उपलब्ध गराउनु पर्नेछ।

(२) बोर्डले आवश्यक ठानेमा कुनै पनि समयमा थप विवरण वा कागजात माग गर्न सक्नेछ।

(३) धितोपत्र व्यवसायीले गलत, अपूर्ण वा भ्रामक विवरण उपलब्ध गराउन पाउने छैन।

३०. **निषेधित कार्यः** धितोपत्र व्यवसायीले देहायका कार्य गर्न पाउने छैनः

(क) ग्राहकको पूर्वस्वीकृति बिना कारोबार,

(ख) ग्राहकको मार्जिन वा सम्पत्तिको अनधिकृत प्रयोग,

(ग) झुठा वा भ्रामक सूचना दिने,

(घ) बजार दुरुपयोगमा संलग्न हुने,

(ङ) ग्राहकबीच विभेदपूर्ण व्यवहार गर्ने,

(च) प्रचलित कानून वा बोर्डको निर्देशन विपरीतका अन्य कुनै कार्य।

३१. **निरीक्षण तथा निर्देशनः** (१) बोर्डले धितोपत्र व्यवसायीको निरीक्षण, अनुगमन वा विशेष परीक्षण गर्न सक्नेछ।

(२) निरीक्षणका क्रममा बोर्डले आवश्यक निर्देशन जारी गर्न सक्नेछ र धितोपत्र व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।

परिच्छेद-६

धितोपत्र बजार, केन्द्रिय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाको दायित्व

३२. **धितोपत्र बजारको दायित्वः** (१) धितोपत्र बजारले अन्तरदिवसीय धितोपत्र कारोबार सुरक्षित, निष्पक्ष, पारदर्शी तथा व्यवस्थित रूपमा सञ्चालन हुने व्यवस्था गर्नु पर्नेछ।

(२) धितोपत्र बजारले देहायका कार्यहरू गर्नु पर्नेछः

(क) अन्तरदिवसीय कारोबारका लागि सुरक्षित तथा विश्वसनीय विद्युतीय कारोबार प्रणाली सञ्चालन गर्ने,

(ख) आदेश प्रविष्टि, आदेश मिलान तथा कारोबार पुष्टि सम्बन्धी प्रणाली सञ्चालन गर्ने,

(ग) वास्तविक समयमा बजार अनुगमन गर्ने,

(घ) जोखिम व्यवस्थापन प्रणाली सञ्चालन गर्ने,

(ङ) कारोबार सम्बन्धी अभिलेख सुरक्षित राख्ने,

(च) बोर्डले तोकेका अन्य कार्य गर्ने।

(३) धितोपत्र बजारले सञ्चालन गरेको प्रणालीको उपलब्धता, कार्यक्षमता तथा सूचना सुरक्षाको सुनिश्चितता गर्नु पर्नेछ।

३३. **बजार अनुगमनः** (१) धितोपत्र बजारले अन्तरदिवसीय कारोबारको निरन्तर अनुगमन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको बजार अनुगमनका क्रममा देहायका गतिविधिको पहिचान तथा विश्लेषण गर्नु पर्नेछः

(क) असामान्य मूल्य परिवर्तन,

(ख) असामान्य कारोबार परिमाण,

(ग) बजार दुरुपयोगका गतिविधि,

(च) बोर्डले तोकेका अन्य गतिविधि।

(३) शंकास्पद कारोबार देखिएमा धितोपत्र बजारले तत्काल बोर्डलाई जानकारी गराउनुपर्नेछ।

(४) बजार निगरानी सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-९ बमोजिम हुनेछ ।

३४. **केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाको दायित्वः** (१) केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाले अन्तरदिवसीय कारोबारसँग सम्बन्धित धितोपत्र निक्षेप तथा फछर्यौट प्रणाली सुरक्षित, विश्वसनीय तथा प्रभावकारी रूपमा सञ्चालन गर्नु पर्नेछ।

(२) केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाले देहायका कार्यहरू गर्नु पर्नेछः

(क) धितोपत्रको अभिलेखको विवरण कायम गर्ने,

(ख) धितोपत्र कारोबारको राफसाफ तथा फछर्यौट प्रक्रिय सञ्चालन गर्ने,

(ग) फछर्यौट सम्बन्धी विवरण सुरक्षित राख्ने,

(घ) जोखिम व्यवस्थापन प्रणाली सञ्चालन गर्ने,

(ङ) बोर्डले तोकेका अन्य कार्य गर्ने।

३५. <u>कारोबार तथा फछर्यौट प्रणालीको एकीकरण</u>ः (१) धितोपत्र बजार, केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्था र धितोपत्र व्यवसायीबीच आवश्यक सूचना प्रणालीको एकीकरण हुनु पर्नेछ।

(२) प्रणालीबीचको सूचना आदान-प्रदान सुरक्षित तथा परीक्षणयोग्य हुनुपर्नेछ।

(३) प्रणाली एकीकरण सम्बन्धी न्यूनतम प्राविधिक मापदण्ड बोर्डले निर्धारण गर्नेछ।

३६. <u>सूचना प्रविधि तथा प्रणाली सुरक्षा</u>ः (१) धितोपत्र बजार, केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाले सूचना प्रविधि सम्बन्धी पर्याप्त सुरक्षा व्यवस्था कायम गर्नु पर्नेछ।

(२) धितोपत्र बजार, केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाले देहायका विषयहरूको व्यवस्था गर्नु पर्नेछः

(क) सूचना सुरक्षा नीति,

(ख) पहुँच नियन्त्रण,

(ग) डाटा संरक्षण,

(घ) साइबर सुरक्षा नियन्त्रण,

(ङ) विपद् पुनःस्थापना केन्द्र,

(च) व्यवसाय निरन्तरता योजना,

(छ) बोर्डले तोकेका अन्य व्यवस्था।

३७. <u>प्रणालीको अवरोध तथा आकस्मिक व्यवस्था</u>ः (१) कारोबार प्रणाली वा फछर्यौट प्रणालीमा कुनै किसिमको अवरोध उत्पन्न भएमा सम्बन्धित संस्थाले तत्काल आवश्यक सुधारात्मक कार्य गर्नु पर्नेछ।

(२) प्रणालीमा उत्पन्न भएको अवरोधको कारण, प्रभाव तथा सुधारात्मक उपाय सम्बन्धी विवरण यथाशीघ्र बोर्डलाई उपलब्ध गराउनु पर्नेछ।

(३) आकस्मिक अवस्थामा कारोबार सञ्चालन सम्बन्धी विशेष व्यवस्था बोर्डले तोके बमोजिम हुनेछ।

(४) व्यवसाय निरन्तरता, विपद् पुनःस्थापना तथा साइबर घटना व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-१० बमोजिम हुनेछ।

३८. <u>अभिलेख तथा अडिट ट्रेल</u>ः (१) धितोपत्र बजार, केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाले अन्तरदिवसीय कारोबारसँग सम्बन्धित सम्पूर्ण विद्युतीय तथा भौतिक अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(२) प्रत्येक आदेश, संशोधन, रद्द, कारोबार, फछर्यौट तथा प्रणालीगत गतिविधिको अडिट ट्रेल सुरक्षित राख्नु पर्नेछ।

(३) अभिलेख सुरक्षित राख्ने अवधि तथा ढाँचा बोर्डले तोकेबमोजिम हुनेछ।

३९. **प्रतिवेदन तथा सूचना उपलब्ध गराउने**: (१) धितोपत्र बजार, केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्थाले बोर्डलाई त्रैमासिक रुपमा अन्तरदिवसीय कारोबार सम्बन्धी प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

(२) बोर्डले आवश्यक ठानेमा थप विवरण, अभिलेख वा प्रणाली सम्बन्धी जानकारी माग गर्न सक्नेछ।

(३) माग गरिएका विवरण सम्बन्धित संस्थाले तोकिएको समयभित्र उपलब्ध गराउनु पर्नेछ। नियामकीय प्रतिवेदन तथा खुलासा सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-११ बमोजिमको हुनेछ ।

(४) सञ्चालनगत घटना प्रतिवेदन तथा व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-१२ बमोजिम हुनेछ।

परिच्छेद-७

लगानीकर्ता संरक्षण, गुनासो व्यवस्थापन तथा विवाद समाधान

४०. **लगानीकर्ता संरक्षणको दायित्व**: (१) धितोपत्र व्यवसायी, धितोपत्र बजार तथा सम्बन्धित संस्थाले अन्तरदिवसीय धितोपत्र कारोबार सञ्चालन गर्दा लगानीकर्ताको हित, अधिकार तथा सम्पत्तिको संरक्षण गर्नु पर्नेछ।

(२) लगानीकर्ता संरक्षण सम्बन्धी व्यवस्था निष्पक्ष, पारदर्शी तथा भेदभावरहित हुनु पर्नेछ।

(३) बोर्डले लगानीकर्ता संरक्षण सम्बन्धी आवश्यक मापदण्ड तथा आचारसंहिता जारी गर्न सक्नेछ।

४१. **जोखिमसम्बन्धी विवरण प्रवाह**: (१) धितोपत्र व्यवसायीले अन्तरदिवसीय कारोबार सुविधा उपलब्ध गराउनु अघि ग्राहकलाई अन्तरदिवसीय कारोबारसँग सम्बन्धित जोखिमहरूको स्पष्ट जानकारी दिनु पर्नेछ।

(२) ग्राहकले अनुसूची-१३ बमोजिम जोखिम प्रवाह सम्बन्धी विवरण पढी, बुझी तथा स्वीकार गरेको घोषणा गर्नु पर्नेछ।

(३) जोखिम खुलासाको ढाँचा तथा न्यूनतम विषय बोर्डले तोके बमोजिम हुनेछ।

४२. **ग्राहक सम्पत्तिको संरक्षण**: (१) धितोपत्र व्यवसायीले ग्राहकको रकम, धितोपत्र तथा अन्य सम्पत्ति आफ्नै सम्पत्तिबाट पृथकरूपमा व्यवस्थापन गर्नु पर्नेछ।

(२) ग्राहकको सम्पत्तिको दुरुपयोग, अनधिकृत प्रयोग वा अनधिकृत हस्तान्तरण गर्न पाइने छैन।

४३. **स्वार्थको द्वन्द्व व्यवस्थापन**: (१) धितोपत्र व्यवसायीले आफ्ना कर्मचारी वा सम्बन्धित पक्षको स्वार्थ र ग्राहकको स्वार्थ बीच द्वन्द्व उत्पन्न हुन नदिन आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) स्वार्थको द्वन्द्व उत्पन्न भएको वा उत्पन्न हुन सक्ने अवस्था भएमा ग्राहकलाई जानकारी गराई बोर्डले तोके बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

४४. **गुनासो व्यवस्थापन प्रणालीः** (१) धितोपत्र व्यवसायीले ग्राहकको गुनासो दर्ता, परीक्षण, समाधान तथा अभिलेखीकरणका लागि प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्नु पर्नेछ।

(२) प्रत्येक गुनासोको अभिलेख राखी तोकिएको अवधिभित्र समाधान गर्नुपर्नेछ।

(३) गुनासो समाधान भएको जानकारी ग्राहकलाई तत्काल उपलब्ध गराउनु पर्नेछ।

(४) समाधान हुन नसकेको विवाद बोर्ड वा सम्बन्धित निकायसमक्ष पठाउन सकिनेछ।

४५. **विवाद समाधानः** (१) धितोपत्र व्यवसायी र ग्राहकबीच उत्पन्न विवाद आपसी समझदारीबाट समाधान गर्ने प्रयास गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम समाधान हुन नसकेमा विवाद बोर्डसमक्ष वा प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायसमक्ष प्रस्तुत गर्न सकिनेछ।

(३) बोर्डले आवश्यक ठानेमा मध्यस्थता, मेलमिलाप वा अन्य वैकल्पिक विवाद समाधान सम्बन्धी व्यवस्था गर्न सक्नेछ।

४६. **लगानीकर्ता शिक्षाः** (१) बोर्ड, धितोपत्र बजार तथा धितोपत्र व्यवसायीले अन्तरदिवसीय कारोबार सम्बन्धी लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) लगानीकर्ता शिक्षा कार्यक्रम संचालन गर्दा कम्तीमा देहायका विषय समावेश हुनु पर्नेछः

(क) अन्तरदिवसीय कारोबारको प्रकृति,

(ख) मार्जिन तथा जोखिम,

(ग) बजार दुरुपयोग,

(घ) लगानीकर्ताको अधिकार तथा दायित्व,

(ङ) बोर्डले तोकेका अन्य विषय।

४७. **सूचना उपलब्ध गराउने दायित्वः** (१) ग्राहकले आफ्नो कारोबार सम्बन्धी विवरण विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विद्युतीय माध्यमबाट विवरण उपलब्ध गराउँदा कारोबार, मार्जिन, शुल्क, खुला अवस्था तथा अन्य आवश्यक विवरण उपलब्ध हुने व्यवस्था गर्नु पर्नेछ।

४८. **लगानीकर्ता संरक्षण सम्बन्धी निर्देशनः** (१) बोर्डले लगानीकर्ता संरक्षण, जोखिम खुलासा, ग्राहक सम्पत्ति संरक्षण, गुनासो व्यवस्थापन, विवाद समाधान तथा लगानीकर्ता शिक्षासम्बन्धी आवश्यक निर्देशन, मापदण्ड वा कार्यविधि जारी गर्न सक्नेछ।

(२) लगानीकर्ता गुनासो व्यवस्थापन तथा विवाद समाधान सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-१४ अनुसार हुनेछ ।

परिच्छेद-८

निरीक्षण, अनुपालन तथा कारबाही

४९. **निरीक्षण गर्ने अधिकारः** (१) बोर्डले यस नियमावलीको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न धितोपत्र बजार, धितोपत्र व्यवसायी, केन्द्रीय निक्षेप तथा फछर्यौट सम्बन्धी संस्था वा अन्य सम्बन्धित निकायको नियमित वा विशेष निरीक्षण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्ने क्रममा बोर्डबाट माग भएका सूचना, कागजात तथा विवरण दिनु सम्बन्धित संस्था वा व्यक्तिको कर्तव्य हुनेछ।

५०. **सूचना, विवरण तथा अभिलेख माग गर्ने अधिकारः** (१) बोर्डले यस नियमावली कार्यान्वयनको प्रयोजनका लागि आवश्यक सूचना, विवरण, कागजात, विद्युतीय अभिलेख वा अन्य प्रमाण माग गर्न सक्नेछ।

(२) सम्बन्धित संस्था वा व्यक्तिले बोर्डले तोकेको अवधि भित्र माग गरिएका विवरण उपलब्ध गराउनु पर्नेछ।

५१. **अनुपालन आदेशः** (१) बोर्डले यस नियमावलीको उल्लङ्घन भएको देखिएमा सम्बन्धित संस्था वा व्यक्तिलाई निश्चित अवधिभित्र सुधारात्मक कार्य गर्न निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा व्यक्तिको दायित्व हुनेछ।

(३) बोर्डको निरीक्षण, सुपरिवेक्षण तथा अनुपालन मूल्याङ्कन सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-१५ अनुसार हुनेछ ।

५२. **सुधारात्मक तथा निवारक उपायः** बोर्डले आवश्यक ठानेमा देहायका कुनै वा सबै सुधारात्मक उपाय अपनाउन निर्देशन दिन सक्नेछः

(क) आन्तरिक नियन्त्रण प्रणाली सुधार गर्ने,

(ख) जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्ने,

(ग) अतिरिक्त प्रतिवेदन पेश गर्ने,

(घ) कर्मचारीलाई तालिम दिने,

(ङ) प्रणाली परीक्षण वा लेखापरीक्षण गर्ने,

(च) अन्य आवश्यक सुधारात्मक व्यवस्था गर्ने।

५३. **अस्थायी नियामकीय उपायः** (१) बजारको स्थायित्व, लगानीकर्ता संरक्षण वा सार्वजनिक हितका लागि बोर्डले आवश्यक ठानेमा अस्थायी नियामकीय उपाय लागू गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डले देहायका व्यवस्था गर्न सक्नेछः

(क) निश्चित धितोपत्रमा अन्तरदिवसीय कारोबार अस्थायी रूपमा स्थगन गर्ने,

(ख) मार्जिन वा जोखिम सम्बन्धी विशेष व्यवस्था लागू गर्ने,

(ग) निश्चित वर्गका लगानीकर्तामा अतिरिक्त सर्त लागू गर्ने,

(घ) अन्य आवश्यक अस्थायी व्यवस्था गर्ने।

५४. **अनुपालन प्रतिवेदनः** (१) बोर्डले सम्बन्धित संस्था वा व्यक्तिलाई यस नियमावलीको पालना सम्बन्धी आवधिक वा विशेष प्रतिवेदन पेश गर्न निर्देशन दिन सक्नेछ।

(२) प्रतिवेदनको ढाँचा, अवधि तथा पेश गर्ने विधि बोर्डले तोकेबमोजिम हुनेछ।

५५. **कारबाहीः** (१) यस नियमावलीको उल्लङ्घन गर्ने व्यक्ति वा संस्थामाथि प्रचलित धितोपत्र सम्बन्धी कानून बमोजिम आवश्यक नियामकीय वा कानुनी कारबाही हुन सक्नेछ।

(२) यस नियमावलीमा उल्लेख नभएका विषयमा पनि प्रचलित कानूनबमोजिम बोर्डले आफ्नो अधिकार प्रयोग गर्न सक्नेछ।

परिच्छेद-९

विविध

५६. **व्याख्या गर्ने अधिकारः** यस नियमावलीको कुनै व्यवस्थाको कार्यान्वयन वा व्याख्यामा द्विविधा उत्पन्न भएमा, प्रचलित कानूनको अधीनमा रही, त्यसको आधिकारिक व्याख्या गर्ने अधिकार बोर्डमा निहित रहनेछ।

५७. **बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस नियमावली कार्यान्वयनका क्रममा कुनै व्यावहारिक कठिनाइ उत्पन्न भएमा बोर्डले प्रचलित कानूनसँग नबाझिने गरी आवश्यक आदेश वा निर्देशन जारी गरी त्यस्तो कठिनाइ फुकाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम जारी गरिएको आदेश वा निर्देशन यस नियमावलीको उद्देश्य अनुरूप हुनु पर्नेछ।

५८. **संक्रमणकालीन व्यवस्थाः** (१) बोर्डले अन्तरदिवसीय धितोपत्र कारोबार चरणबद्ध रूपमा लागू गर्न सक्नेछ।

(२) प्रारम्भिक चरणमा निश्चित धितोपत्र, निश्चित धितोपत्र व्यवसायी वा निश्चित वर्गका लगानीकर्तामा मात्र यो नियमावली लागू गर्न सक्नेछ।

५९. **अनुसूची संशोधन गर्ने अधिकारः (१)** बोर्डले आवश्यकता अनुसार नियमावलीको मूल व्यवस्था तथा उद्देश्यमा प्रतिकूल प्रभाव नपर्ने गरी अनुसूचीहरूमा हेरफेर वा थपघट सहित संशोधन गर्न सक्नेछ ।

६१. **प्रचलित कानूनको प्रयोगः** यस नियमावलीमा व्यवस्था नभएको विषयमा धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

अनुसूची-१

(नियम ७ सँग सम्बन्धित)

अन्तरदिवसीय धितोपत्र कारोबार ग्राहक उपयुक्तता मूल्याङ्कन फाराम

१. ग्राहकको आधारभूत विवरण

१. ग्राहकको नाम : _____

२. हितग्राही खाता नं.: _____

३. ग्राहक कोड : _____

४. नागरिकता नं. _____, जारी जिल्ला : _____

५. राष्ट्रिय परिचयपत्र नं. _____

६. प्यान नं. (लागू भएमा) : _____

७. जन्म मिति : _____

८. पेशा : _____

९. वार्षिक आय :

□ रु. ५ लाखसम्म □ रु. ५—१० लाख □ रु. १०—२५ लाख □ रु. २५ लाखभन्दा बढी

२. लगानी अनुभव

१. धितोपत्र बजारमा अनुभव

□ १ वर्षभन्दा कम □ १—३ वर्ष □ ३—५ वर्ष □ ५ वर्षभन्दा बढी

२. विगतमा **गरिएको कारोबार**

□ धितोपत्र कारोबार □ मार्जिन ऋण कारोबार □ सामूहिक लागनी कोष

□ ऋणपत्र कारोबार □ अन्तरदिवसीय कारोबार

३. वार्षिक कारोबार संख्या

□ १० भन्दा कम □ १०—५० □ ५०—२०० □ २०० भन्दा बढी

३. वित्तीय क्षमता

१. लगानीको मुख्य स्रोत

□ बचत □ व्यवसाय □ तलब □ लगानी आम्दानी

□ अन्य

२. आपतकालीन रकम

□ छैन □ ३ महिनाभन्दा कम □ ३—६ महिना □ ६ महिनाभन्दा बढी

३. कुल सम्पत्तिको कति प्रतिशत Intraday Trading मा लगानी गर्ने योजना छ?

□ १०% भन्दा कम □ १०—२५% □ २५—५०% □ ५०% भन्दा बढी

४. जोखिम वहन क्षमता

१. लगानीको मुख्य उद्देश्य

□ पूँजी संरक्षण □ नियमित आम्दानी □ पूँजी वृद्धि □ छोटो अवधिको कारोबार

२. यदि २०% नोक्सानी भयो भने तपाईंको प्रतिक्रिया के हुनेछ?

□ तुरुन्त कारोबार बन्द गर्ने □ केही समय पर्खने □ थप विश्लेषण गरेर निर्णय गर्ने

□ थप लगानी गर्ने

५. ज्ञान मूल्याङ्कन

ग्राहकले निम्न विषय बुझेको घोषणा गर्नु पर्नेछः

विषय	**बुझेको छु**	**बुझेको छैन**
अन्तरदिवसीय कारोबार	□	□
मार्जिन	□	□
अनिवार्य कारोबार स्थिति समापन	□	□
स्टप लस	□	□
बजार उतारचढाव	□	□
तरलता जोखिम	□	□
कारोबार आदेशका प्रकार	□	□
कारोबार शुल्क	□	□

६. जोखिम प्रोफाइल

धितोपत्र व्यवसायीले ग्राहकलाई निम्नमध्ये कुनै एक वर्गमा वर्गीकरण गर्नेछः

□ न्यून जोखिम □ मध्यम जोखिम □ उच्च जोखिम

७. उपयुक्तता निर्णयः ग्राहकको समग्र मूल्याङ्कनका आधारमा‘

□ अन्तरदिवसीय कारोबारका लागि उपयुक्त

□ सर्तसहित उपयुक्त

□ अनुपयुक्त

यदि "सर्तसहित उपयुक्त" वा "अनुपयुक्त" भए कारण उल्लेख गर्नेः

८. धितोपत्र व्यवसायीको प्रमाणीकरण

माथिको मूल्याङ्कन सम्बन्धित कागजात, ग्राहकसँगको छलफल तथा बोर्डको मापदण्डबमोजिम गरिएको प्रमाणित गरिन्छ।

मूल्याङ्कन गर्ने कर्मचारी : _____

पद : _____

हस्ताक्षर : _____

मिति : _____

९. ग्राहकको घोषणा

म/हामीले माथि उल्लेखित सम्पूर्ण विवरण सही रहेको घोषणा गर्दछु/गर्दछौं। झुटा वा भ्रामक विवरण दिएको पाइएमा धितोपत्र व्यवसायी वा बोर्डले अन्तरदिवसीय कारोबार सुविधा अस्वीकार वा स्थगन गर्न सक्नेछ भन्ने कुरा म/हामीलाई जानकारी छ।

ग्राहकको नाम : _____

हस्ताक्षर : _____

मिति : _____

स्पष्टीकरणः

(१) यो मूल्याङ्कन ग्राहकको वित्तीय क्षमता, लगानी अनुभव तथा जोखिम वहन क्षमताको प्रारम्भिक नियामकीय मूल्याङ्कनका लागि हो।

(२) धितोपत्र व्यवसायीले बोर्डद्वारा स्वीकृत आन्तरिक नीति अनुसार आवश्यक परे थप प्रश्न, स्कोरिङ प्रणाली वा सहायक कागजात माग गर्न सक्नेछ।

(३) बोर्डले समय—समयमा यस फारामको ढाँचा, मूल्याङ्कन मापदण्ड तथा न्यूनतम योग्यताको पुनरावलोकन वा संशोधन गर्न सक्नेछ।

अनुसूची–२

(नियम १६ सँग सम्बन्धित)

मार्जिन व्यवस्थापन सम्बन्धी न्यूनतम सिद्धान्त

१. मार्जिन सम्बन्धी आधारभूत सिद्धान्त

मार्जिन व्यवस्थापन गर्दा देहायका सिद्धान्तहरू अवलम्बन गरिनेछः

(क) जोखिममा आधारित;

(ख) पारदर्शी;

(ग) निष्पक्ष तथा भेदभावरहित;

(घ) समयानुकूल समायोजनयोग्य;

(ङ) स्वचालित प्रणालीमा आधारित;

(च) वास्तविक समय जोखिम व्यवस्थापनमा आधारित।

२. मार्जिनका प्रमुख प्रकार

बोर्डले आवश्यकता अनुसार देहायका प्रकारका मार्जिन निर्धारण गर्न सक्नेछः

(क) प्रारम्भिक मार्जिन;

(ख) कायम राख्नुपर्ने मार्जिन;

(ग) अतिरिक्त मार्जिन;

(घ) विशेष मार्जिन;

(ङ) असाधारण बजार अवस्थाका लागि अतिरिक्त जोखिम मार्जिन;

(च) बोर्डले आवश्यक ठानेका अन्य मार्जिन।

३. मार्जिन निर्धारणका आधार

मार्जिन निर्धारण गर्दा कम्तीमा देहायका विषयहरू विचार गरिनेछः

(क) धितोपत्रको मूल्य अस्थिरता;

(ख) बजार तरलता;

(ग) कारोबारको परिमाण;

(घ) ग्राहकको जोखिम प्रोफाइल;

(ङ) खुला अवस्था;

(च) बजारको समग्र अवस्था;

(छ) प्रणालीगत जोखिम;

(ज) बोर्डले तोकेका अन्य जोखिम सूचक।

४. मार्जिनको पुनर्मूल्याङ्कन

(१) मार्जिनको पर्याप्तता नियमित तथा आवश्यक परे वास्तविक समयमा पुनर्मूल्याङ्कन गरिनु पर्नेछ।

(२) बजारको जोखिममा उल्लेखनीय परिवर्तन भएमा धितोपत्र व्यवसायीले आवश्यक अतिरिक्त मार्जिन माग गर्न सक्नेछ।

(३) बोर्डले विशेष परिस्थितिमा सम्पूर्ण बजार वा निश्चित धितोपत्रका लागि मार्जिन पुनर्निर्धारण गर्न सक्नेछ।

५. स्वीकार्य मार्जिन

मार्जिनका रूपमा स्वीकार गर्न सकिने सम्पत्ति, उपकरण वा अन्य वित्तीय साधन बोर्डले निर्देशिकामार्फत निर्धारण गर्नेछ। मार्जिनको स्वरूप, मूल्याङ्कन तथा Haircut सम्बन्धी व्यवस्था बोर्डले तोकेबमोजिम हुनेछ।

६. मार्जिन अभाव

ग्राहकको मार्जिन आवश्यक स्तरभन्दा कम भएमा धितोपत्र व्यवसायीले देहायका सूचना दिनुपर्नेछः

(क) ग्राहकलाई तत्काल सूचना दिनुपर्ने;

(ख) आवश्यक अतिरिक्त मार्जिन माग गर्नुपर्ने;

(ग) जोखिम नियन्त्रणका लागि आवश्यक प्रतिबन्ध लागू गर्न सक्ने;

(घ) आवश्यक परे खुला अवस्था घटाउन वा बन्द गर्न सक्ने।

७. जोखिम-आधारित मार्जिन

बोर्डले आवश्यक ठानेमा विभिन्न धितोपत्र, ग्राहक समूह, धितोपत्र व्यवसायी वा बजार अवस्थाका आधारमा फरक-फरक मार्जिन व्यवस्था लागू गर्न सक्नेछ।

८. प्रणालीगत नियन्त्रण

मार्जिन सम्बन्धी सम्पूर्ण प्रक्रिया धितोपत्र व्यवसायीको जोखिम व्यवस्थापन प्रणालीमार्फत् सञ्चालन गरिनु पर्नेछ। मार्जिन गणना, निगरानी, चेतावनी तथा जोखिम नियन्त्रणका कार्यहरू यथासम्भव स्वचालित हुनु पर्नेछ।

९. मार्जिन अभिलेख

धितोपत्र व्यवसायीले देहायको विवरणको अभिलेख राख्नु पर्नेछः

(क) मार्जिन प्राप्ति;

(ख) मार्जिन समायोजन;

(ग) मार्जिन अभाव;

(घ) मार्जिन कल;

(ङ) जोखिम नियन्त्रण सम्बन्धी सम्पूर्ण अभिलेख सुरक्षित राख्नुपर्नेछ।

१०. विस्तृत मार्जिन मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि देहाय बमोजिमको मार्जिन मापदण्ड अवलम्बन गरिनेछः

(क) मार्जिन गणना विधि;

(ख) हेयरकट फ्रेमवर्क;

(ग) जोखिम मोडेल;

(घ) पुनर्मूल्याङ्कन प्रक्रिया;

(ङ) मार्जिन कल प्रक्रिया;

(च) मार्जिनको स्वीकार्य स्वरूप;

(छ) प्रणालीगत नियन्त्रण;

अनुसूची–३

(नियम १८ सँग सम्बन्धित)

अधिकतम कारोबार सीमा व्यवस्थापन सम्बन्धी न्यूनतम सिद्धान्त

१. आधारभूत सिद्धान्त

अधिकतम कारोबार सीमा निर्धारण गर्दा देहायका सिद्धान्तहरू अवलम्बन गरिनेछः

(क) जोखिममा आधारित

(ख) ग्राहकको वित्तीय क्षमताअनुसार

(ग) पारदर्शी तथा निष्पक्ष

(घ) प्रणालीद्वारा नियन्त्रणयोग्य

(ङ) वास्तविक समय निगरानी

(च) बजारको समग्र जोखिमलाई ध्यानमा राख्ने।

२. अधिकतम कारोबार सीमा निर्धारणका आधार

अधिकतम कारोबार सीमा निर्धारण गर्दा कम्तीमा देहायका विषयहरू विचार गरिनेछः

(क) उपलब्ध मार्जिन

(ख) ग्राहकको जोखिम प्रोफाइल

(ग) धितोपत्रको तरलता

(घ) मूल्य अस्थिरता

(ङ) खुला अवस्था

(च) धितोपत्र व्यवसायीको जोखिम क्षमता

(छ) बजारको समग्र अवस्था

(ज) सूचीकृत धितोपत्र संख्याको प्रतिशत

(झ) बोर्डले तोकेका अन्य जोखिम सूचक।

३. अधिकतम कारोबार सीमाका स्तर

बोर्डले आवश्यकता अनुसार निम्न स्तरमा अधिकतम कारोबार सीमा निर्धारण गर्न सक्नेछः

(क) ग्राहक स्तर

(ख) धितोपत्र स्तर

(ग) धितोपत्र व्यवसायी स्तर

(घ) बजार स्तर

(ङ) अन्य आवश्यक स्तर।

४. जोखिममा-आधारित अधिकतम कारोबार सीमा

(१) फरक जोखिम भएका ग्राहक वा धितोपत्रका लागि फरक अधिकतम कारोबार सीमा लागू गर्न सकिनेछ।

(२) बोर्डले उच्च जोखिम भएका धितोपत्र, कम तरलता भएका धितोपत्र वा विशेष निगरानीमा रहेका धितोपत्रका लागि विशेष अधिकतम कारोबार सीमा निर्धारण गर्न सक्नेछ।

५. वास्तविक समय निगरानी

धितोपत्र व्यवसायीले प्रत्येक ग्राहकको अधिकतम कारोबार सीमालाई जोखिम व्यवस्थापन प्रणाली मार्फत वास्तविक समयमा निगरानी गर्नु पर्नेछ। अधिकतम कारोबार सीमा नाघ्ने सम्भावना देखिएमा प्रणालीले स्वचालित चेतावनी (एलर्ट) तथा आवश्यक नियन्त्रण व्यवस्था लागू गर्न सक्ने हुनु पर्नेछ।

६. अधिकतम कारोबार सीमा उल्लङ्घन

अधिकतम कारोबार सीमा उल्लङ्घन भएमा धितोपत्र व्यवसायीले देहायका कार्यहरू समावेश हुने गरी आवश्यक जोखिम नियन्त्रण उपाय अवलम्बन गर्नुपर्नेछः

(क) नयाँ आदेश अस्वीकार गर्ने

(ख) थप मार्जिन माग गर्ने

(ग) खुला अवस्था घटाउने

(घ) खुला अवस्था बन्द गर्ने

(ङ) बोर्डले तोकेका अन्य उपाय अपनाउने।

७. विशेष बजार अवस्था

बजारमा असामान्य मूल्य उतारचढाव, वित्तीय संकट, उच्च अस्थिरता वा अन्य प्रणालीगत जोखिम उत्पन्न भएमा बोर्डले अस्थायी रूपमा फरक एक्सपोजर सीमा लागू गर्न सक्नेछ।

८. अभिलेख तथा प्रतिवेदन

धितोपत्र व्यवसायीले देहायका विषय सम्बन्धी अभिलेख सुरक्षित राख्नुपर्नेछ। बोर्डले आवश्यक परे त्यस्ता विवरण माग गर्न सक्नेछ।

(क) ग्राहकको दैनिक एक्सपोजर

(ख) सीमा उल्लङ्घनका घटना

(ग) जोखिम नियन्त्रणका उपाय

(घ) प्रणालीद्वारा उत्पन्न चेतावनी (एलर्ट)

९. प्रणालीगत आवश्यकताहरू

अधिकतम कारोबार सीमा व्यवस्थापन प्रणालीले कम्तीमा देहायका सुविधा उपलब्ध गराउनुपर्नेछः

- वास्तविक समयमा लगानीकर्ताले खरिद गरेको कारोबार रकम/सीमाको गणना
- स्वचालित जानकारी (एलर्ट)
- सीमा निगरानी

- एकत्रित रुपमा कारोबार स्थिति निगरानी
- जोखिम ड्यासबोर्ड
- अडिट ट्रेल
- व्यवस्थापन रिपोर्टिङ्ग

१०. विस्तृत अधिकतम कारोबार सीमा मापन

यस अनुसूचीको कार्यान्वयनका लागि आवश्यक अधिकतम सीमा गणना विधि, ग्राहक वर्गीकरण, सीमा निर्धारण, निगरानी कार्यविधि, उच्च बृद्धि सम्बन्धी म्याट्रिक्स, रिपोर्टिङ्ग व्यवस्थासम्बन्धी विस्तृत व्यवस्था बोर्डले जारी गर्ने अधिकतम कारोबार सीमा निर्देशन बमोजिम हुनेछ।

अनुसूची-४

(नियम १९ सँग सम्बन्धित)

जोखिम व्यवस्थापन प्रणाली सम्बन्धी न्यूनतम कार्यात्मक तथा प्राविधिक मापदण्ड

१. आधारभूत सिद्धान्त

जोखिम व्यवस्थापन प्रणालीले देहायका सिद्धान्तहरू पालना गर्नु पर्नेछः

(क) वास्तविक समय जोखिम निगरानी,

(ख) स्वचालित जोखिम नियन्त्रण,

(ग) प्रणाली एकिकरण,

(घ) लेखापरिक्षण योग्य,

(ङ) मापन गर्न सकिने,

(च) सूचना सुरक्षा।

२. न्यूनतम कार्यात्मक आवश्यकताहरू

जोखिम व्यवस्थापन प्रणालीमा कम्तीमा देहायका कार्यहरू हुनु पर्नेछः

(क) कारोबार हुनु पूर्वको जोखिम प्रमाणीकरण

प्रत्येक आदेश बजारमा पठाउनु अघि स्वचालित रूपमा देहायको परीक्षण गर्नु पर्नेछ।

- उपलब्ध मार्जिन;
- अधिकतम कारोबार सीमा;
- योग्य धितोपत्र;
- कारोबार अनुमति;
- अन्य आवश्यक जोखिम मापदण्ड

(ख) वास्तविक समय मार्जिन निगरानी

ग्राहकको मार्जिन निरन्तर निगरानी गरी आवश्यक परे स्वचालित चेतावनी वा जोखिम नियन्त्रण लागू गर्नु पर्नेछ।

(ग) कारोबार अवस्था निगरानी

प्रत्येक ग्राहकको खुला अवस्था वास्तविक समयमा निगरानी गर्नु पर्नेछ।

(घ) अधिकतम कारोबार सीमा निगरानी

ग्राहक, धितोपत्र तथा धितोपत्र व्यवसायी स्तरमा कारोबार सीमाको निरन्तर गणना तथा निगरानी हुनु पर्नेछ।

(ङ) जोखिम चेतावनी (एलर्ट)

जोखिम सम्बन्धी घटनाहरूमा प्रणालीले स्वचालित रूपमा चेतावनी उत्पन्न गर्नु पर्नेछ।

(च) स्वचालित कारोबार समापन एकिकरण

जोखिम व्यवस्थापन प्रणालीले स्वीकृत नीति तथा नियमबमोजिम स्वचालित कारोबार समापन प्रणालीसँग समन्वय गर्नु पर्नेछ।

(छ) अपवाद व्यवस्थापन

सामान्य प्रक्रियाबाट फरक हुने घटनाहरूको पहिचान, अनुमोदन तथा अभिलेखीकरणको व्यवस्था हुनु पर्नेछ।

३. जोखिम नियन्त्रण

जोखिम व्यवस्थापन प्रणालीले आवश्यक परे निम्न नियन्त्रण उपाय लागू गर्न सक्ने हुनु पर्नेछः

- नयाँ आदेश अस्वीकार गर्ने;
- थप मार्जिन माग गर्ने;
- कारोबार अस्थायी रूपमा रोक्ने;
- खुला अवस्था घटाउने;
- कारोबार खुला अबस्था स्वतः बन्द गर्ने कार्य सुरु गर्ने।

४. प्रणाली अभिलेख (अडिट ट्रेल)

जोखिम व्यवस्थापन प्रणालीले कम्तीमा देहायका गतिविधिको पूर्ण प्रणाली अभिलेख सुरक्षित राख्नु पर्नेछः

- आदेश परीक्षण;
- जोखिम मूल्याङ्कन;
- प्रणाली चेतावनी;
- मार्जिन परिवर्तन;
- एक्सपोजर परिवर्तन;
- प्रयोगकर्ता गतिविधि;
- प्रणालीद्वारा गरिएका सबै नियन्त्रण कार्य।

५. प्रयोगकर्ता पहुँच नियन्त्रण

जोखिम व्यवस्थापन प्रणालीमा देहायका जस्ता सुरक्षा व्यवस्था हुनुपर्नेछ।

- भूमिकामा आधारित पहुँच
- बहु-कारक प्रमाणीकरण (आवश्यकता अनुसार)
- पासवर्ड नीति
- सत्र (सेसन) व्यवस्थापन
- प्रयोगकर्ता गतिविधि लग

६. प्रणाली उपलब्धता

जोखिम व्यवस्थापन प्रणालीले उच्च उपलब्धता सुनिश्चित गर्नु पर्नेछ। महत्वपूर्ण प्रणाली अवरोध हुँदा वैकल्पिक व्यवस्था उपलब्ध गराउनु पर्नेछ।

७. परीक्षण तथा प्रमाणीकरण

धितोपत्र व्यवसायीले देहायका विषयमा नियमित रूपमा परीक्षण र प्रमाणीकरण कार्य सञ्चालन गर्नु पर्नेछ।

- यूजर एसेप्टेन्स टेस्टिङ्ग
- जोखिम परिदृष्य परिक्षण
- प्रणाली दबाब परिक्षण
- विपद् पुनःस्थापना परिक्षण

८. प्रतिवेदन प्रणाली

जोखिम व्यवस्थापन प्रणालीले कम्तीमा देहायका प्रतिवेदनहरू उत्पादन गर्न सक्ने हुनु पर्नेछः

- दैनिक जोखिम प्रतिवेदन
- मार्जिन प्रतिवेदन
- कारोबार सीमा (एक्सपोजर) प्रतिवेदन
- अपवाद प्रतिवेदन
- कारोबार खुला अवस्था स्वतः बन्द सम्बन्धी प्रतिवेदन
- अनुपालना प्रतिवेदन

९. अनुपालन तथा लेखापरीक्षण

धितोपत्र व्यवसायीले जोखिम व्यवस्थापन प्रणालीको नियमित आन्तरिक परीक्षण, सूचना-प्रविधि लेखापरीक्षण तथा अनुपालन परीक्षण गराउनु पर्नेछ। बोर्डले आवश्यक ठानेमा जोखिम व्यवस्थापन प्रणालीको स्वतन्त्र प्राविधिक परीक्षण वा विशेष निरीक्षण गर्न सक्नेछ।

अनुसूची–५

(नियम २१ सँग सम्बन्धित)

अन्तरदिवसीय कारोबारको खुला अवस्था स्वतः बन्द सम्बन्धी न्यूनतम मापदण्ड

१ आधारभूत सिद्धान्त

कारोबार खुला अवस्था स्वतः बन्द गर्ने प्रणाली सञ्चालन गर्दा देहायका सिद्धान्तहरू पालना गर्नु पर्नेछः

(क) जोखिम न्यूनीकरणमा आधारित

(ख) पूर्वनिर्धारित तथा पारदर्शी

(ग) सबै ग्राहकमा समान रूपमा लागू हुने

(घ) प्रणालीद्वारा स्वचालित रूपमा सञ्चालन हुने

(ङ) परीक्षणयोग्य (Auditable) हुने।

२. खुला अवस्था स्वतः बन्द लागू हुने अवस्था

धितोपत्र व्यवसायीले बोर्डद्वारा स्वीकृत नीति तथा आन्तरिक जोखिम व्यवस्थापन प्रणालीबमोजिम देहायका अवस्थाहरूमा खुला अवस्था स्वतः बन्द लागू गर्न सक्नेछः

(क) खुल्ला अवस्था समायोजन गरिसक्नुपर्ने तोकिएको समयअघिसम्म बाँकी रहेका खुल्ला अवस्था

(ख) आवश्यक मार्जिन कायम नरहेको

(ग) स्वीकृत अधिकतम (एक्सपोजर) सीमा उल्लङ्घन भएको

(घ) बजार वा प्रणालीगत जोखिमका कारण तत्काल जोखिम नियन्त्रण आवश्यक भएको

(ङ) बोर्डले तोकेका अन्य अवस्था।

३. प्रक्रिया

खुला अवस्था स्वतः बन्द प्रक्रियामा कम्तीमा देहायका चरणहरू समावेश हुनुपर्नेछः

(क) जोखिम पहिचान

(ख) प्रणालीद्वारा स्वचालित चेतावनी

(ग) आवश्यक परे ग्राहकलाई सूचना

(घ) पूर्वनिर्धारित मापदण्डअनुसार खुला अवस्था बन्द

(ङ) कारोबार अभिलेख सुरक्षित राख्ने।

४. निष्पक्ष कार्यान्वयन

खुला अवस्था स्वतः बन्द गर्दा कुनै पनि ग्राहकविरुद्ध विभेदपूर्ण, मनोमानी वा गैरपारदर्शी रूपमा लागू गर्न पाइने छैन।धितोपत्र व्यवसायीले सबै ग्राहकका लागि समान नीति लागू गर्नु पर्नेछ ।

५. अभिलेख तथा अडिट ट्रेल

धितोपत्र व्यवसायीले प्रत्येक खुला अवस्था स्वतः बन्द सम्बन्धमा देहायका विवरण सहित सुरक्षित राख्नु पर्नेछ।

(क) ट्रिगर भएको समय

(ख) जोखिम अवस्था

(ग) प्रणाली चेतावनी

(घ) ग्राहक सूचना

(ङ) कारोबार विवरण

(च) सम्बन्धित कारोबार प्रणाली लग (System Log)।

६. समीक्षा तथा आन्तरिक नियन्त्रण

धितोपत्र व्यवसायीले खुला अवस्था स्वतः बन्द सम्बन्धी घटनाको नियमित समीक्षा गरी प्रणालीमा कुनै त्रुटि वा कमजोरी भए सुधार गर्नु पर्नेछ। साथै आन्तरिक लेखापरीक्षण तथा अनुपालन परीक्षणमा यस प्रक्रियाको समेत परीक्षण गरिनु पर्नेछ।

७. ग्राहकसँगको सम्झौतामा समावेश गर्नुपर्ने विषय

ग्राहक र धितोपत्र व्यवसायीबीच हुने सम्झौतामा कम्तीमा देहायका विषय स्पष्ट रूपमा उल्लेख हुनुपर्नेछः

(क) खुला अवस्था स्वतः बन्द लागू हुन सक्ने अवस्था

(ख) ग्राहकको दायित्व

(ग) धितोपत्र व्यवसायीको अधिकार तथा दायित्व

(घ) जोखिम सम्बन्धी जानकारी

(ङ) सूचना उपलब्ध गराउने प्रक्रिया।

८. विस्तृत सञ्चालन मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि आवश्यक ट्रिगर प्यारामिटर, एक्जुकिशन लोजिक, चेतावनी पद्धति, ग्राहक सूचना कार्यविधि, अपवाद व्यवस्थापन, अडिट आवश्यकता, प्रतिवेदन ढाँचा सम्बन्धी विस्तृत व्यवस्था बोर्डले जारी गर्ने खुला अवस्था स्वतः बन्द सम्बन्धी निर्देशन वा प्राविधिक मानक बमोजिम हुनेछ।

अनुसूची–६

(नियम २५ सँग सम्बन्धित)

अन्तरदिवसीय धितोपत्र कारोबार सम्झौताको न्यूनतम विषयवस्तु

१. सम्झौतामा उल्लेख गर्नुपर्ने विवरण

अन्तरदिवसीय धितोपत्र कारोबार सम्झौतामा कम्तीमा देहायका विवरण समावेश हुनु पर्नेछ

(क) धितोपत्र व्यवसायीको नाम, इजाजतपत्र नम्बर तथा कार्यालय ठेगाना

(ख) ग्राहकको नाम, हितग्राही खाता नं., नागरिकता वा परिचय विवरण, राष्ट्रिय परिचयपत्र नं. वा प्यान नं. (लागू भएमा), सम्पर्क विवरण

(ग) सम्झौता सम्पन्न भएको मिति

(घ) सम्झौताको प्रभावकारी हुने मिति।

२. सम्झौताको विषय

सम्झौतामा ग्राहकलाई अन्तरदिवसीय धितोपत्र कारोबार सेवा उपलब्ध गराउने तथा सो सम्बन्धी अधिकार, दायित्व, जोखिम र सञ्चालन व्यवस्था स्पष्ट उल्लेख हुनु पर्नेछ।

३. ग्राहकको घोषणा तथा दायित्व

ग्राहकले कम्तीमा निम्न घोषणा गर्नु पर्नेछः

(क) जोखिम खुलासा विवरण प्राप्त गरी अध्ययन गरेको

(ख) अन्तरदिवसीय कारोबारको प्रकृति र जोखिम बुझेको

(ग) उपलब्ध गराएका विवरण सही र अद्यावधिक रहेको

(घ) मार्जिन सम्बन्धी दायित्व पूरा गर्ने

(ङ) प्रचलित कानून तथा बोर्डका निर्देशनको पालना गर्ने।

४. धितोपत्र व्यवसायीको दायित्व

धितोपत्र व्यवसायीले कम्तीमा देहायका दायित्वहरू वहन गर्नेछः

(क) आदेश निष्पक्ष र समयमै कार्यान्वयन गर्ने

(ख) ग्राहकको जानकारी गोप्य राख्ने

(ग) ग्राहकको सम्पत्ति पृथक् रूपमा व्यवस्थापन गर्ने

(घ) जोखिम व्यवस्थापन प्रणाली सञ्चालन गर्ने

(ङ) कारोबार सम्बन्धी विवरण ग्राहकलाई उपलब्ध गराउने।

५. मार्जिन सम्बन्धी व्यवस्था

सम्झौतामा कम्तीमा निम्न विषय उल्लेख हुनु पर्नेछः

(क) प्रारम्भिक मार्जिन

(ख) अतिरिक्त मार्जिन माग

(ग) मार्जिन अभावको अवस्था

(घ) मार्जिन स्वीकार गर्ने माध्यम

(ङ) बोर्ड वा धितोपत्र बजारले समय—समयमा निर्धारण गर्ने अन्य व्यवस्था।

६. खुला अवस्था तथा Auto Square-off

सम्झौतामा स्पष्ट रूपमा उल्लेख हुनु पर्नेछः

(क) ग्राहकले कारोबार दिनभित्र खुला अवस्था बन्द गर्नु पर्नेछ

(ख) तोकिएको समयभित्र खुला अवस्था बन्द नगरेमा धितोपत्र व्यवसायीले प्रणालीमार्फत Auto Square-off गर्न सक्नेछ

(ग) त्यसबाट उत्पन्न नाफा वा नोक्सानी ग्राहक स्वयंको हुनेछ।

७. शुल्क तथा खर्च

सम्झौतामा देहायका शुल्कहरूको आधार स्पष्ट उल्लेख हुनु पर्नेछः

(क) नियामकीय शुल्क र कारोबार शुल्क

(ख) अन्य लागू शुल्क।

८. सूचना तथा सञ्चार

धितोपत्र व्यवसायीले ग्राहकलाई सूचना उपलब्ध गराउने माध्यम स्पष्ट उल्लेख गर्नु पर्नेछः

- एसएमएस/इमेल, कारोबार प्लेटफर्म, मोबाइल एप्लिकेशन
- अन्य बोर्डबाट स्वीकृत विद्युतीय माध्यम।

९. ग्राहकको आदेश

(क) ग्राहकले विद्युतीय वा बोर्डबाट स्वीकृत अन्य माध्यमबाट आदेश दिन सक्नेछ

(ख) आदेश प्राप्ति, संशोधन तथा रद्द गर्ने प्रक्रिया सम्झौतामा स्पष्ट उल्लेख हुनु पर्नेछ

१०. स्वार्थको द्वन्द्व

धितोपत्र व्यवसायीले सम्भावित स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धी नीति ग्राहकलाई जानकारी गराउनु पर्नेछ।

११. अभिलेख तथा गोपनीयता

सम्झौतामा ग्राहकको व्यक्तिगत जानकारी, कारोबार अभिलेख तथा अन्य संवेदनशील सूचनाको गोपनीयता सम्बन्धी व्यवस्था समावेश हुनु पर्नेछ।

१२. सम्झौताको समाप्ति

सम्झौता समाप्त हुने अवस्था, प्रक्रिया तथा त्यसपछिको दायित्व स्पष्ट उल्लेख हुनु पर्नेछ।

१३. विवाद समाधान

सम्झौताबाट उत्पन्न विवाद समाधानका लागि निम्न व्यवस्था समावेश हुनु पर्नेछः

(क) प्रारम्भिक रूपमा आपसी समझदारी

(ख) धितोपत्र व्यवसायीको गुनासो व्यवस्थापन प्रणाली

(ग) बोर्डसमक्ष उजुरी

(घ) प्रचलित कानूनबमोजिम अन्य कानुनी उपचार।

१४. लागू हुने कानून

यो सम्झौता नेपालका प्रचलित कानून, धितोपत्र सम्बन्धी ऐन, २०६३, यस नियमावली तथा बोर्डद्वारा जारी अन्य निर्देशिका/निर्देशनबमोजिम व्याख्या र कार्यान्वयन हुनेछ भनी सम्झौतामा स्पष्ट उल्लेख हुनुपर्नेछ।

१५. अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरू

सम्झौतासँग कम्तीमा निम्न कागजात संलग्न हुनु पर्नेछः

१. ग्राहक परिचय विवरण, जोखिम खुलासा स्टेटमेन्ट, ग्राहक उपयुक्तता परिक्षण

२. मार्जिन सम्बन्धी सहमति

३. बोर्डले तोकेका अन्य कागजात।

१६. हस्ताक्षर

अन्तरदिवसीय धितोपत्र कारोबार सम्झौतामा मिति र स्थान सहित देहायका पक्षहरूको हस्ताक्षर अनिवार्य हुनु पर्नेछः

- ग्राहक;
- धितोपत्र व्यवसायीको अधिकृत प्रतिनिधि।

स्पष्टीकरण: यस अनुसूचीमा उल्लिखित विषयहरू न्यूनतम अनिवार्य व्यवस्था हुन्। धितोपत्र व्यवसायीले बोर्डको पूर्वस्वीकृति वा बोर्डले तोके बमोजिम थप सर्त वा व्यवस्था समावेश गर्न सक्नेछ ।

अनुसूची–७

(नियम २६ को उपनियम (३) सँग सम्बन्धित)

प्रविधि, सूचना सुरक्षा तथा सञ्चालनगत लचकता सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

सूचना प्रविधि तथा सञ्चालन प्रणाली निम्न सिद्धान्तमा आधारित हुनु पर्नेछः

(क) गोपनीयता;

(ख) अखण्डता;

(ग) उपलब्धता;

(घ) प्रामाणिकता;

(ङ) जवाफदेहिता;

(च) सञ्चालनगत लचकता।

२. सूचना प्रविधि शासन

धितोपत्र व्यवसायी तथा सम्बन्धित संस्थाले देहायका विषय सम्बन्धी लिखित नीति स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ।

(क) सूचना प्रविधि नीति;

(ख) साइबर सुरक्षा नीति;

(ग) परिवर्तन व्यवस्थापन;

(घ) जोखिम व्यवस्थापन;

(ङ) सूचना सम्पत्ति व्यवस्थापन;

३. प्रणाली सुरक्षा

कारोबार प्रणालीमा कम्तीमा देहायका सुरक्षा नियन्त्रण हुनु पर्नेछः

(क) प्रयोगकर्ता प्रमाणीकरण;

(ख) भूमिका—आधारित पहुँच नियन्त्रण;

(ग) न्यूनतम आवश्यक पहुँच सिद्धान्त;

(घ) सत्र व्यवस्थापन;

(ङ) पासवर्ड तथा पहुँच नियन्त्रण नीति।

४. सूचना सुरक्षा

संवेदनशील सूचना तथा कारोबार सम्बन्धी डाटा संरक्षणका लागि देहायका विषयसम्बन्धी व्यवस्था लागू गर्नु पर्नेछ।

(क) डाटा वर्गीकरण

(ख) डाटा संरक्षण

(ग) डाटा गोपनीयता

(घ) सुरक्षित सञ्चार

(ङ) आवश्यकता अनुसार इन्क्रिप्सन

५. प्रणाली उपलब्धता

कारोबार प्रणाली उच्च उपलब्धता (High Availability) मा सञ्चालन हुनुपर्नेछ। महत्त्वपूर्ण प्रणालीमा एकल असफलता बिन्दु (Single Point of Failure) न्यूनीकरण गर्न आवश्यक संरचना अपनाउनु पर्नेछ।

६. परिवर्तन व्यवस्थापन

प्रणालीमा कुनै पनि महत्त्वपूर्ण परिवर्तन गर्नु अघि निम्न कार्यहरू गर्नु पर्नेछ।

(क) परीक्षण;

(ख) अनुमोदन;

(ग) प्रभाव मूल्याङ्कन;

(घ) अभिलेखीकरण;

७. तेस्रो पक्ष (Third-Party Service Provider) व्यवस्थापन

बाह्य सेवा प्रदायक, क्लाउड सेवा, सफ्टवेयर विक्रेता वा अन्य प्रविधि साझेदारको जोखिम मूल्याङ्कन तथा निगरानी गर्नु पर्नेछ। सम्झौतामा सूचना सुरक्षा, गोपनीयता तथा सेवा निरन्तरता सम्बन्धी व्यवस्था समावेश हुनु पर्नेछ।

८. सञ्चालनगत लचकता (Operational Resilience)

प्रणालीले देहायका अवस्थामा पनि आवश्यक कारोबार सञ्चालन निरन्तरता कायम राख्न सक्ने हुनु पर्नेछ

(क) प्रणाली अवरोध;

(ख) हार्डवेयर असफलता;

(ग) सफ्टवेयर त्रुटि;

(घ) नेटवर्क समस्या;

(ङ) अन्य सञ्चालनगत जोखिम;

९. प्रणाली निगरानी

सम्पूर्ण महत्त्वपूर्ण प्रणालीको निरन्तर निगरानी गरी निम्न सम्बन्धी सूचना अभिलेख राख्नु पर्नेछ ।

(क) कार्यसम्पादन;

(ख) उपलब्धता;

(ग) सुरक्षा घटना;

(घ) असामान्य गतिविधि;

१०. अभिलेख तथा अडिट ट्रेल

सूचना प्रणालीले कम्तीमा देहायका गतिविधिको अडिट ट्रेल सुरक्षित राख्नु पर्नेछः

(क) लगइन/लगआउट;

(ख) आदेश प्रविष्टि;

(ग) आदेश संशोधन;

(घ) आदेश रद्द;

(ङ) कारोबार पुष्टि;

(च) प्रणाली परिवर्तन;

(छ) प्रशासकीय गतिविधि;

(ज) सुरक्षा सम्बन्धी घटना।

११. सुरक्षा परीक्षण

सम्बन्धित संस्थाले नियमित रूपमा निम्न कुराहरू गर्नु पर्नेछ।

(क) संवेदनशीलता मूल्याङ्कन;

(ख) पेनिट्रेशन टेस्टिङ्ग;

(ग) सुरक्षा समीक्षा;

(घ) एप्लिकेशन प्ररिक्षण;

(ङ) पूर्वाधार परिक्षण।

१२. क्षमता व्यवस्थापन

कारोबारको बढ्दो परिमाणलाई ध्यानमा राखी प्रणालीको क्षमता नियमित रूपमा मूल्याङ्कन तथा आवश्यक विस्तार गर्नु पर्नेछ।

१३. कर्मचारी तथा प्रयोगकर्ता सचेतना

सूचना सुरक्षा, साइबर जोखिम तथा प्रणाली सञ्चालन सम्बन्धी नियमित तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१४. विस्तृत प्राविधिक मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि आवश्यक निम्न सम्बन्धी विस्तृत व्यवस्था बोर्डले जारी गर्ने सूचना प्रविधि तथा सुरक्षा निर्देशन वा प्रविधि मानक म्यानुअल बमोजिम हुनेछ।

- सूचना प्रविधि सुशासन फ्रेमवर्क;
- सूचना सुरक्षा नियन्त्रण;
- पहुँच व्यवस्थापन मानक;
- सुरक्षित सफ्टवेयर विकास अभ्यास;

- नेटवर्क सुरक्षा आवश्यकता;
- लग व्यवस्थापन;
- प्रणाली कार्यसम्पादन मानक;
- प्रविधि अडिट आवश्यकता;

अनुसूची–८

(नियम २६ को उपनियम (४) सँग सम्बन्धित)

अनुपालन व्यवस्थापन तथा आन्तरिक नियन्त्रण सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

अनुपालन तथा आन्तरिक नियन्त्रण प्रणाली निम्न सिद्धान्तमा आधारित हुनु पर्नेछः

(क) कानूनी अनुपालन;

(ख) स्वतन्त्रता;

(ग) जवाफदेहिता;

(घ) जोखिम-आधारित निगरानी;

(ङ) निरन्तर सुधार;

(च) दस्तावेजीकरण।

२. अनुपालन संरचना

धितोपत्र व्यवसायीले कम्तीमा देहायको अनुपालन संरचना कायम गर्नु पर्नेछः

(क) अनुपालन अधिकृत;

(ख) आन्तरिक नियन्त्रण कार्य;

(ग) जोखिम व्यवस्थापन कार्य;

(घ) आन्तरिक लेखापरीक्षण समन्वय।

३. अनुपालन अधिकृतको जिम्मेवारी

अनुपालन अधिकृतले कम्तीमा देहायका कार्यहरू गर्नुपर्नेछः

(क) प्रचलित कानून, नियमावली तथा निर्देशनको अनुपालन सुनिश्चित गर्ने;

(ख) अनुपालन जोखिमको पहिचान तथा मूल्याङ्कन गर्ने;

(ग) आन्तरिक अनुपालन परीक्षण गर्ने;

(घ) व्यवस्थापनलाई आवश्यक सुझाव दिने;

(ङ) बोर्ड तथा नियामकीय निकायसँग समन्वय गर्ने।

४. आन्तरिक नियन्त्रण

धितोपत्र व्यवसायीले लिखित आन्तरिक नियन्त्रण फ्रेमवर्क लागू गर्नुपर्नेछ, जसमा कम्तीमा निम्न विषयहरू समावेश गर्नु पर्नेछ।

(क) कार्य विभाजन,

(ख) अधिकार प्रत्यायोजन,

(ग) अनुमोदन प्रक्रिया,

(घ) अभिलेख नियन्त्रण,

(ङ) प्रणाली नियन्त्रण.

५. अनुपालन अनुगमन

नियमित रूपमा निम्न कुराहरूमा अनुपालना अनुगमन गरिनु पर्नेछ।

(क) कारोबार परीक्षण;

(ख) मार्जिन अनुपालन;

(ग) एक्सपोजर परीक्षण;

(घ) प्रणाली नियन्त्रण परीक्षण;

(ङ) ग्राहक सुरक्षा सम्बन्धी परीक्षण;

६. अनुपालन अभिलेख

धितोपत्र व्यवसायीले कम्तीमा निम्न विवरणको अभिलेख राख्नु पर्नेछः

(क) अनुपालन परीक्षण;

(ख) उल्लङ्घनका घटना;

(ग) सुधारात्मक कार्यहरू;

(घ) नियामकीय निर्देशनहरूको कार्यान्वयन;

(ङ) आन्तरिक समीक्षा।

७. उल्लङ्घन व्यवस्थापन

कुनै नियम वा आन्तरिक नियन्त्रण उल्लङ्घन भएमा निम्न कामहरू गर्नु पर्नेछ।

(क) घटना अभिलेखीकरण;

(ख) कारण विश्लेषण;

(ग) सुधारात्मक तथा रोकथामात्मक उपाय;

(घ) आवश्यक परे बोर्डलाई सूचना;

८. व्यवस्थापन प्रतिवेदन

अनुपालन अधिकृतले व्यवस्थापनलाई नियमित रूपमा कम्तीमा देहायका विषयमा प्रतिवेदन पेश गर्नु पर्नेछः

(क) अनुपालन अवस्था;

(ख) प्रमुख जोखिम;

(ग) उल्लङ्घनका घटना;

(घ) सुधारात्मक कार्यहरू;

(ङ) आवश्यक नीति सुधार।

९. तालिम तथा सचेतना

धितोपत्र व्यवसायीले कर्मचारीहरूलाई निम्न विषयमा नियमित तालिम उपलब्ध गराउनु पर्नेछ।

(क) नियामकीय अनुपालन;

(ख) बजार आचरण;

(ग) सूचना सुरक्षा;

(घ) जोखिम व्यवस्थापन;

(ङ) ग्राहक संरक्षण;

१०. स्वतन्त्र समीक्षा

अनुपालन प्रणालीको नियमित रूपमा आन्तरिक लेखापरीक्षण वा अन्य स्वतन्त्र समीक्षा गरिनु पर्नेछ। बोर्डले आवश्यक ठानेमा बाह्य समीक्षा वा विशेष परीक्षण गर्न निर्देशन दिन सक्नेछ।

११. विस्तृत अनुपालन मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि देहायको व्यवस्था समावेश भएको अनुपालन व्यवस्थापन निर्देशन बमोजिम हुनेछ।

(क) अनुपालन निगरानी कार्यक्रम;

(ख) आन्तरिक नियन्त्रण फ्रेमवर्क;

(ग) अनुपालन सर्टिफिकेशन;

(घ) जोखिम मूल्याङ्कन विधि;

(ङ) अनुपालन प्रतिवेदन ढाँचा;

(च) सुधारात्मक कार्य पद्धति;

(छ) तालिम मानक;

अनुसूची-९

(नियम ३३ सँग सम्बन्धित)

बजार निगरानी सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

बजार निगरानी प्रणाली निम्न सिद्धान्तहरूमा आधारित हुनु पर्नेछः

(क) निष्पक्ष बजार;

(ख) पारदर्शिता;

(ग) समयमै जोखिम पहिचान;

(घ) बजार दुरुपयोगको रोकथाम;

(ङ) लगानीकर्ता संरक्षण;

(च) नियामकीय जवाफदेहिता।

२. बजार निगरानी प्रणाली

धितोपत्र बजारले वास्तविक समयमा बजार निगरानी गर्ने प्रणाली सञ्चालन गर्नु पर्नेछ। प्रणालीले कम्तीमा निम्न विषयहरू पहिचान गर्न सक्ने हुनु पर्नेछ।

(क) असामान्य कारोबार;

(ख) मूल्यमा अस्वाभाविक परिवर्तन;

(ग) कारोबार परिमाणमा असामान्य वृद्धि;

(घ) आदेशको असामान्य ढाँचा;

(ङ) जोखिमपूर्ण गतिविधि;

३. निगरानीका प्रमुख क्षेत्र

बजार निगरानीमा कम्तीमा देहायका गतिविधिहरू समावेश गरिनु पर्नेछः

(क) असामान्य मूल्य उतारचढाव;

(ख) असामान्य कारोबार परिमाण;

(ग) आदेश प्रविष्टि तथा रद्द गर्ने असामान्य प्रवृत्ति;

(घ) सम्भावित कृत्रिम कारोबार;

(ङ) सम्भावित मूल्य हेरफेर;

(च) अन्य शंकास्पद बजार गतिविधि।

४. जोखिममा आधारित निगरानी

धितोपत्र बजारले निम्न अवस्थामा जोखिम—आधारित निगरानी लागू गर्न सक्नेछ।

(क) उच्च जोखिम भएका धितोपत्र;

(ख) उच्च जोखिम भएका कारोबार;

(ग) विशेष निगरानी आवश्यक ग्राहक वा कारोबार ढाँचा;

५. चेतावनी जारी गर्ने प्रणाली

बजार निगरानी प्रणालीले पूर्वनिर्धारित मापदण्डका आधारमा स्वचालित चेतावनी उत्पन्न गर्नु पर्नेछ। उत्पन्न भएका चेतावनीहरूको समीक्षा, वर्गीकरण तथा आवश्यक कारबाहीको अभिलेख राख्नु पर्नेछ।

६. अनुसन्धानका लागि सन्दर्भ

गम्भीर वा दोहोरिने शंकास्पद गतिविधि देखिएमा सम्बन्धित विवरण बोर्डमा अनुसन्धान तथा आवश्यक नियामकीय कारबाहीका लागि पठाउनु पर्नेछ।

७. अभिलेख व्यवस्थापन

सम्बन्धित पक्षले निम्न विवरणहरूको सुरक्षित अभिलेख राख्नु पर्नेछः

(क) प्रणालीद्वारा उत्पन्न चेतावनी;

(ख) समीक्षा प्रतिवेदन;

(ग) अनुसन्धानका लागि पठाइएका विवरण;

(घ) नियामकीय प्रतिक्रिया;

(ङ) बजार निगरानी सम्बन्धी अन्य अभिलेख।

८. गोपनीयता

प्रचलित कानूनबमोजिम बाहेक बजार निगरानीका क्रममा प्राप्त सूचना, प्रतिवेदन वा अनुसन्धानसँग सम्बन्धित विवरण गोप्य राख्नु पर्नेछ, ।

९. नियमित समीक्षा

बजार निगरानी प्रणालीको कार्यसम्पादन, प्रभावकारिता तथा जोखिम सूचकहरूको नियमित समीक्षा गरी आवश्यक सुधार गर्नु पर्नेछ।

अनुसूची-१०

(नियम ३७ सँग सम्बन्धित)

व्यवसाय निरन्तरता, विपद् पुनःस्थापना तथा साइबर घटना व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

व्यवसाय निरन्तरता तथा विपद् व्यवस्थापन निम्न सिद्धान्तहरूमा आधारित हुनु पर्नेछः

(क) सञ्चालन निरन्तरता;

(ख) लगानीकर्ता संरक्षण;

(ग) बजार स्थायित्व;

(घ) जोखिममा आधारित तयारी;

(ङ) शीघ्र पुनर्स्थापना;

(च) नियमित परीक्षण तथा सुधार।

२. व्यवसाय निरन्तरता योजना

प्रत्येक सम्बन्धित संस्थाले लिखित व्यवसाय निरन्तरता योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ। BCP मा कम्तीमा देहायका विषय समावेश हुनु पर्नेछः

(क) महत्वपूर्ण व्यवसायिक कार्यहरूको पहिचान;

(ख) जिम्मेवारी तथा अधिकार;

(ग) वैकल्पिक सञ्चालन व्यवस्था;

(घ) आन्तरिक तथा बाह्य सञ्चार योजना;

(ङ) पुनः सञ्चालन प्रक्रिया।

३. विपद् पुनःस्थापन योजना

प्रत्येक संस्थाले विपद् पुनःस्थापन योजना तयार गर्नुपर्नेछ, जसमा कम्तीमा निम्न विषयहरू समावेश भएको हुनु पर्नेछ।

(क) वैकल्पिक डेटा केन्द्र;

(ख) डेटा पुनर्स्थापना प्रक्रिया;

(ग) प्रणाली पुनः सञ्चालन प्रक्रिया;

(घ) आवश्यक स्रोत व्यवस्थापन।

४. साइबर घटना प्रतिक्रिया योजना

साइबर सुरक्षा घटना भएमा त्यसको पहिचान, नियन्त्रण, विश्लेषण, प्रतिक्रिया तथा पुनर्स्थापनाका लागि लिखित साइबर घटना प्रतिक्रिया योजना हुनु पर्नेछ।

५. संकट व्यवस्थापन टोली

प्रत्येक संस्थाले व्यवसाय निरन्तरता तथा साइबर घटनाको व्यवस्थापनका लागि जिम्मेवार संकट व्यवस्थापन टोली गठन गर्नुपर्नेछ। टोलीको भूमिका तथा जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरिएको हुनु पर्नेछ।

६. सञ्चार व्यवस्था

महत्त्वपूर्ण घटना वा प्रणाली अवरोधको अवस्थामा देहायका पक्षलाई आवश्यक सूचना समयमै उपलब्ध गराउने प्रक्रिया निर्धारण गरिएको हुनु पर्नेछ।

(क) बोर्ड;

(ख) धितोपत्र बजार;

(ग) केन्द्रिय निक्षेप संस्था;

(घ) सम्बन्धित संस्था;

(ङ) ग्राहक;

७. डेटा सुरक्षा तथा ब्याकअप

महत्त्वपूर्ण कारोबार तथा प्रणाली सम्बन्धी डेटा नियमित रूपमा ब्याकअप गर्नु पर्नेछ। ब्याकअप सुरक्षित, परीक्षणयोग्य तथा पुनःप्राप्त गर्न सकिने अवस्थामा राखिनु पर्नेछ।

८. नियमित परीक्षण

व्यवसाय निरन्तरता योजना तथा विपद् पुनःस्थापन योजनाको प्रभावकारिता सुनिश्चित गर्न नियमित रूपमा देहायका कार्य गर्नु पर्नेछ ।

- विपद् पूर्व तयारी अभ्यास;
- विपद् पुनःस्थापना अभ्यास;
- फेलओभर परीक्षण;
- साइबर घटनाको सिमुलेशन;

९. घटना प्रतिवेदन

महत्त्वपूर्ण सञ्चालनगत वा साइबर सुरक्षा घटना भएमा सम्बन्धित संस्थाले बोर्डलाई तोकिएको समयसीमाभित्र सूचना तथा विस्तृत प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

१०. घटना पश्चात् समीक्षा

प्रत्येक महत्त्वपूर्ण घटनापश्चात् निम्न विषयमा तयार गरी अभिलेख राख्नु पर्नेछ।

(क) कारण विश्लेषण;

(ख) प्रभाव मूल्याङ्कन;

(ग) सुधारात्मक कार्ययोजना;

(घ) पुनरावृत्ति रोकथामका उपाय;

११. अभिलेख व्यवस्थापन

व्यवसाय निरन्तरता योजना, विपद् पुनःस्थापन योजना, परीक्षण प्रतिवेदन, साइबर घटना, पुनर्स्थापना प्रक्रिया तथा सुधारात्मक कार्यहरूको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

१२. विस्तृत सञ्चालन मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि आवश्यक देहायका विस्तृत व्यवस्था बोर्डले जारी गर्ने व्यवसाय निरन्तरता तथा साइबर लचकता निर्देशन बमोजिम हुनेछ।

- व्यवसाय निरन्तरता फ्रेमवर्क
- विपद् पुनःस्थापन कार्यविधि
- साइबर घटना वर्गीकरण
- घटना बृद्धि म्याकट्रिक्स
- संकट सञ्चार फ्रेमवर्क
- परिक्षण विधि
- पुनःप्राप्ति उद्देश्य
- नियामक प्रतिवेदन ढाँचा।

अनुसूची-११

(नियम ३९ को उपनियम (३) सँग सम्बन्धित)

नियामकीय प्रतिवेदन तथा खुलासा सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

प्रतिवेदन तथा खुलासा प्रणाली निम्न सिद्धान्तहरूमा आधारित हुनु पर्नेछः

(क) शुद्धता;

(ख) पूर्णता;

(ग) समयबद्धता;

(घ) एकरूपता;

(ङ) प्रमाणीकरण योग्यता;

(च) गोपनीयता।

२. नियामकीय प्रतिवेदनका प्रकार

धितोपत्र व्यवसायीले बोर्ड, धितोपत्र बजार वा अन्य सम्बन्धित निकायलाई आवश्यकताअनुसार देहायका प्रतिवेदन उपलब्ध गराउनु पर्नेछः

(क) दैनिक प्रतिवेदन;

(ख) साप्ताहिक प्रतिवेदन;

(ग) मासिक प्रतिवेदन;

(घ) त्रैमासिक प्रतिवेदन;

(ङ) वार्षिक प्रतिवेदन;

(च) घटना-आधारित प्रतिवेदन;

(छ) बोर्डले समय-समयमा तोकेका अन्य प्रतिवेदन।

३. प्रतिवेदनमा समावेश गर्नुपर्ने न्यूनतम विषयवस्तु

प्रतिवेदनमा आवश्यकतानुसार कम्तीमा देहायका विवरण समावेश हुनु पर्नेछः

(क) कारोबार संख्या;

(ख) कारोबार मूल्य;

(ग) कारोबार परिमाण;

(घ) खुला अवस्था;

(ङ) मार्जिन स्थिति;

(च) एक्सपोजर स्थिति;

(छ) खुला अबस्था स्वतः बन्द सम्बन्धी विवरण;

(ज) जोखिम सूचक;

(झ) प्रणाली अवरोध वा घटना;

(ञ) ग्राहक गुनासो;

(ट) अनुपालन सम्बन्धी विवरण।

४. घटना-आधारित प्रतिवेदन

देहायका घटना भएमा सम्बन्धित संस्थाले बोर्डलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछः

(क) प्रमुख प्रणाली अवरोध;

(ख) साइबर सुरक्षा घटना;

(ग) बजार सञ्चालनमा असर पर्ने प्राविधिक समस्या;

(घ) महत्त्वपूर्ण नियामकीय उल्लङ्घन;

(ङ) बोर्डले तोकेका अन्य घटना।

५. सार्वजनिक खुलासा

धितोपत्र बजार वा धितोपत्र व्यवसायीले सार्वजनिक रूपमा खुलासा गर्नुपर्ने जानकारी बोर्डले तोकेको ढाँचा, समय र माध्यमबाट प्रकाशन गर्नु पर्नेछ।

६. प्रतिवेदनको प्रमाणीकरण

नियामकीय प्रतिवेदन सम्बन्धित अधिकारीबाट प्रमाणित गरिएको हुनु पर्नेछ। तर विद्युतीय प्रतिवेदनका हकमा बोर्डले स्वीकृत गरेको प्रमाणीकरण प्रणाली प्रयोग गर्न सकिनेछ।

७. अभिलेख संरक्षण

नियामकीय प्रतिवेदन, आधार कागजात तथा सम्बन्धित डिजिटल अभिलेख प्रचलित कानून वा बोर्डले तोकेको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

८. विद्युतीय प्रतिवेदन प्रणाली

बोर्डले आवश्यक ठानेमा नियामकीय प्रतिवेदन विद्युतीय प्रणाली मार्फत पेश गर्न अनिवार्य गर्न सक्नेछ।

९. गुणस्तर नियन्त्रण

धितोपत्र व्यवसायीले प्रतिवेदन पेश गर्नु अघि आन्तरिक परीक्षण, तथ्य प्रमाणीकरण तथा गुणस्तर नियन्त्रण प्रक्रिया अपनाउनु पर्नेछ।

१०. विस्तृत प्रतिवेदन मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि आवश्यकता अनुसार देहायका विषयसँग सम्बन्धित विस्तृत व्यवस्था बोर्डले जारी गर्ने नियामक प्रतिवेदन निर्देशन बमोजिम हुनेछ।

- प्रतिवेदन ढाँचा;
- डाटा शब्दकोष;

- प्रतिवेदन बुझाउने समयसीमा;
- इलेक्ट्रोनिक फाइलिङ्ग मानक;
- प्रमाणीकणको व्यवस्था;
- सर्टिफिकेशनको व्यवस्था;
- खुलासा ढाँचा;

अनुसूची-१२

(नियम ३९ को उपनियम (४) सँग सम्बन्धित)

सञ्चालनगत घटना प्रतिवेदन तथा व्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

सञ्चालनगत घटना व्यवस्थापन निम्न सिद्धान्तहरूमा आधारित हुनु पर्नेछः

(क) शीघ्र पहिचान;

(ख) समयमै सूचना;

(ग) प्रभाव न्यूनीकरण;

(घ) कारण विश्लेषण;

(ङ) सुधारात्मक तथा रोकथामात्मक कार्य;

(च) दस्तावेजीकरण।

२. सञ्चालनगत घटनाको वर्गीकरण

सम्बन्धित संस्थाले घटनालाई आवश्यकतानुसार वर्गीकरण गर्नुपर्नेछ।

(क) प्रणाली अवरोध,

(ख) नेटवर्क वा सञ्चार अवरोध,

(ग) कारोबार आदेश सम्बन्धी त्रुटि,

(घ) जोखिम व्यवस्थापन प्रणाली सम्बन्धी त्रुटि,

(ङ) साइबर सुरक्षा घटना,

(च) डेटा त्रुटि वा डेटा क्षति,

(छ) मानव त्रुटि;

(ज) अन्य सञ्चालनगत घटना।

३. घटना पहिचान तथा प्रारम्भिक प्रतिक्रिया

घटना देखिएपछि सम्बन्धित संस्थाले देहायका कार्य तत्काल गर्नु पर्नेछ ।

(क) तत्काल जोखिम मूल्याङ्कन गर्ने;

(ख) आवश्यक नियन्त्रण उपाय लागू गर्ने;

(ग) प्रभावित प्रणाली वा सेवाको सुरक्षा सुनिश्चित गर्ने;

(घ) आवश्यक आन्तरिक सूचना प्रवाह गर्ने।

४. घटना प्रतिवेदनमा समावेश गर्नुपर्ने न्यूनतम विषयवस्तु

प्रतिवेदनमा कम्तीमा देहायका विवरण समावेश हुनु पर्नेछः

(क) घटनाको मिति र समय;

(ख) घटनाको प्रकृति;

(ग) प्रभावित प्रणाली वा सेवा;

(घ) प्रारम्भिक प्रभाव;

(ङ) तत्काल अपनाइएका उपाय;

(च) सम्भावित जोखिम;

(छ) पुनः सञ्चालनको अवस्था;

(ज) थप सुधारात्मक कार्ययोजना।

५. कारण विश्लेषण

महत्त्वपूर्ण घटनापछि सम्बन्धित संस्थाले घटनाको मूल कारण (Root Cause) पहिचान गरी त्यसको लिखित विश्लेषण तयार गर्नु पर्नेछ।

६. सुधारात्मक तथा रोकथामात्मक कार्य

घटनाको पुनरावृत्ति रोक्न आवश्यक सुधारात्मक तथा रोकथामात्मक उपाय लागू गरी त्यसको कार्यान्वयनको अभिलेख राख्नु पर्नेछ।

७. घटना अभिलेख

प्रत्येक धितोपत्र व्यवसायीले देहायका कुरा समावेश हुने गरी सञ्चालनगत घटनाको छुट्टै अभिलेख राख्नुपर्नेछ ।

(क) घटनाको वर्गीकरण;

(ख) प्रभावको स्तर;

(ग) समाधान मिति;

(घ) जिम्मेवार अधिकारी;

(ङ) सुधारात्मक तथा रोकथामात्मक उपायको अवस्था;

८. ग्राहकलाई सूचना

यदि सञ्चालनगत घटनाले ग्राहकको कारोबार वा सेवामा उल्लेखनीय प्रभाव पारेमा सम्बन्धित संस्थाले उपयुक्त माध्यमबाट आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ।

९. आन्तरिक समीक्षा

महत्त्वपूर्ण सञ्चालनगत घटनाको व्यवस्थापन, प्रतिक्रिया तथा सुधारात्मक कार्यको नियमित आन्तरिक समीक्षा गरिनु पर्नेछ।

१०. विस्तृत सञ्चालन मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि देहायका विषयसँग सम्बन्धी विस्तृत व्यवस्था बोर्डले जारी गर्ने सञ्चालनगत घटना प्रतिवेदन निर्देशन बमोजिम हुनेछ।

(क) घटना वर्गीकरण म्याट्रिक्स;

(ख) महत्वपूर्ण घटना निर्धारणका मापदण्ड;

(ग) प्रतिवेदन पेश गर्ने समयसीमा;

(घ)मूल कारण विश्लेक्षण ढाँचा;

(ङ)सुधारात्मक तथा रोकथामात्मक उपाय फ्रेमवर्क;

(च)घटना दर्ता ढाँचा;

(छ) नियामक सूचना मानक।

अनुसूची-१३

(नियम ४१ सँग सम्बन्धित)

अन्तरदिवसीय धितोपत्र कारोबार जोखिम प्रवाह तथा ग्राहक स्वीकृति घोषणा

१. अन्तरदिवसीय कारोबारको प्रकृति

अन्तरदिवसीय धितोपत्र कारोबार भन्नाले एउटै कारोबार दिनभित्र धितोपत्रको खरिद तथा बिक्री वा बिक्री तथा खरिद सम्पन्न गरी कारोबार समाप्त गर्ने कारोबारलाई जनाउँछ। यस्तो कारोबार Delivery-Based लगानीभन्दा फरक प्रकृतिको हुन्छ र यसमा उच्च स्तरको बजार जोखिम तथा मूल्य अस्थिरता रहन सक्छ।

२. प्रमुख जोखिमहरू

ग्राहकले अन्तरदिवसीय धितोपत्र कारोबारमा हुन सक्ने कम्तीमा देहायका जोखिमहरू बुझ्नुपर्नेछः

(१) **बजार जोखिमः** बजारमा माग र आपूर्तिका आधारमा धितोपत्रको मूल्यमा अप्रत्याशित रूपमा परिवर्तनबाट नोक्सानी हुन सक्ने जोखिम।

(२) **मूल्य अस्थिरता जोखिमः** अन्तरदिवसीय कारोबारमा छोटो समयमा ठूलो मूल्य उतारचढाव हुन सक्छ।

(३) **मार्जिन जोखिमः** मार्जिन अपर्याप्त भएमा थप मार्जिन माग (Margin Call) आउन सक्ने वा खुला अवस्था स्वतः बन्द (Auto Square-off) हुन सक्छ।

(४) **तरलता जोखिमः** चाहेको मूल्यमा कारोबार सम्पन्न हुन नसक्ने जोखिम।

(५) **प्रणालीगत जोखिमः** कारोबार प्रणाली, जोखिम व्यवस्थापन प्रणाली, आदेश व्यवस्थापन प्रणाली, नेटवर्क वा अन्य प्रणालीगत समस्याका कारण कारोबारमा अवरोध आउन सक्छ।

(६) **साइबर सुरक्षा जोखिमः** अनधिकृत पहुँच, साइबर आक्रमण वा डाटा उल्लङ्घनका कारण कारोबार प्रभावित हुन सक्छ।

(७) **सञ्चालन जोखिमः** मानवीय त्रुटि, प्रक्रियागत कमजोरी वा प्राविधिक समस्याबाट कारोबारमा असर पर्न सक्छ।

(८) **नियामकीय जोखिमः** प्रचलित कानून, नियमावली वा बोर्डका निर्देशन परिवर्तन हुन सक्छन्।

(९) **खुला अवस्था स्वतः बन्द (Auto Square-off):** ग्राहकले समयमै खुला अवस्था बन्द नगरेमा धितोपत्र व्यवसायीले प्रणालीमार्फत स्वतः बन्द गर्न सक्नेछ। यसबाट हुने नाफा वा नोक्सानी ग्राहक स्वयंको हुनेछ।

(१०) **सम्पूर्ण लगानी जोखिमः** अन्तरदिवसीय कारोबारबाट आंशिक वा पूर्ण वित्तीय नोक्सानी हुन सक्छ। विगतको कारोबार परिणामले भविष्यको प्रतिफलको सुनिश्चितता गर्दैन।

३. ग्राहकको घोषणा

म/हामी निम्न घोषणा गर्दछु/गर्दछौं'

१. मैले/हामीले यस जोखिम प्रवाहसम्बन्धी विवरण पूर्ण रूपमा पढेको छु/छौं।

२. अन्तरदिवसीय कारोबारसँग सम्बन्धित जोखिमहरू मलाई/हामीलाई स्पष्ट रूपमा जानकारी गराइएको छ।

३. मैले/हामीले जोखिमहरू बुझी स्वेच्छाले अन्तरदिवसीय कारोबार गर्न सहमति दिएको छु/छौं।

४. अन्तरदिवसीय कारोबारबाट उत्पन्न हुने वित्तीय जोखिम तथा सम्भावित नोक्सानीप्रति म/हामी स्वयं जिम्मेवार रहनेछु/रहनेछौं।

५. मार्जिन, खुला अवस्था स्वतः बन्द तथा जोखिम व्यवस्थापन सम्बन्धी नियमहरूको पालना गर्नेछु/गर्नेछौं।

६. धितोपत्र व्यवसायीले यस नियमावली तथा सम्झौताबमोजिम आवश्यक जोखिम नियन्त्रण उपाय अपनाउन सक्ने कुरा म/हामी स्वीकार गर्दछु/गर्दछौं।

४. ग्राहक विवरण

ग्राहकको नाम : .....

हितग्राही खाता नं.: .....

ग्राहक कोड : .....

मोबाइल नं. : .....

ईमेल : .....

५. ग्राहकको स्वीकृति

म/हामी माथि उल्लिखित सम्पूर्ण विवरण सही रहेको तथा जोखिम खुलासा विवरण पढी, बुझी स्वेच्छाले स्वीकार गरेको घोषणा गर्दछु/गर्दछौं।

ग्राहकको हस्ताक्षर : _____

मिति : _____

६. धितोपत्र व्यवसायीको प्रमाणीकरण

यस जोखिम खुलासा विवरण ग्राहकलाई उपलब्ध गराई आवश्यक जानकारी प्रदान गरिएको प्रमाणित गरिन्छ।

धितोपत्र व्यवसायी : _____

अधिकृत कर्मचारी : _____

हस्ताक्षर : _____

मिति : _____

अनुसूची-१४

(नियम ४८ सँग सम्बन्धित)

लगानीकर्ता गुनासो व्यवस्थापन तथा विवाद समाधान सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

गुनासो व्यवस्थापन प्रणाली निम्न सिद्धान्तहरूमा आधारित हुनु पर्नेछः

(क) निष्पक्षता;

(ख) पहुँचयोग्यता;

(ग) पारदर्शिता;

(घ) समयबद्धता;

(ङ) गोपनीयता;

(च) उत्तरदायित्व;

(छ) अभिलेखीकरण।

२. गुनासो दर्ता प्रणाली

धितोपत्र व्यवसायीले लगानीकर्ताले सजिलै गुनासो दर्ता गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ । गुनासो लिखित, विद्युतीय वा बोर्डले स्वीकृत अन्य माध्यमबाट दर्ता गर्न सकिनेछ।

३. गुनासोको वर्गीकरण

गुनासोलाई आवश्यकतानुसार देहायबमोजिम वर्गीकरण गर्नु पर्नेछ।

(क) आदेश सम्बन्धी गुनासो;

(ख) कारोबार कार्यान्वयन सम्बन्धी गुनासो;

(ग) मार्जिन वा एक्सपोजर सम्बन्धी गुनासो;

(घ) खुला अबस्था स्वतः बन्द सम्बन्धी गुनासो;

(ङ) प्रणाली वा प्राविधिक समस्या सम्बन्धी गुनासो;

(च) सेवा गुणस्तर सम्बन्धी गुनासो;

(छ) अन्य नियामकीय गुनासो।

४. गुनासो प्राप्तिको पुष्टि

गुनासो प्राप्त भएपछि सम्बन्धित संस्थाले प्राप्तिको पुष्टि उपलब्ध गराउनु पर्नेछ।

५. गुनासो परीक्षण तथा समाधान

प्रत्येक गुनासोको तथ्यगत परीक्षण गरी आवश्यक प्रमाण, कारोबार विवरण तथा प्रणाली अभिलेखको आधारमा निर्णय गर्नु पर्नेछ। आवश्यक परे सम्बन्धित ग्राहकसँग थप विवरण माग्न सकिनेछ।

६. समयसीमा

गुनासोको प्रारम्भिक समीक्षा, अनुसन्धान तथा समाधान बोर्डले तोकेको समयसीमाभित्र सम्पन्न गर्नु पर्नेछ । समयसीमा नाघ्ने अवस्था आएमा कारणसहित सम्बन्धित लगानीकर्तालाई जानकारी गराउनु पर्नेछ।

७. विवाद समाधान

गुनासो समाधानबाट पक्षहरू सन्तुष्ट नभएमा प्रचलित कानून तथा बोर्डले निर्धारण गरेको प्रक्रिया अनुसार विवाद समाधानको व्यवस्था अपनाउन सकिनेछ।

८. अभिलेख व्यवस्थापन

धितोपत्र व्यवसायीले कम्तीमा देहायका विवरण सुरक्षित राख्नुपर्नेछः

(क) गुनासो दर्ता मिति;

(ख) गुनासोको विषय;

(ग) अनुसन्धान विवरण;

(घ) निर्णय;

(ङ) समाधान मिति;

(च) आवश्यक सुधारात्मक कार्य।

९. सुधारात्मक कार्य

गुनासोबाट प्रणालीगत कमजोरी देखिएमा सम्बन्धित संस्थाले आवश्यक सुधारात्मक तथा रोकथामात्मक उपाय लागू गर्नु पर्नेछ।

१०. लगानीकर्ता सचेतना

धितोपत्र व्यवसायीले लगानीकर्तालाई गुनासो व्यवस्थासम्बन्धी स्पष्ट जानकारी उपलब्ध गराउनुपर्नेछ।

(क) गुनासो कसरी गर्ने;

(ख) समाधान प्रक्रिया;

(ग) उपलब्ध सम्पर्क माध्यम;

(घ) नियामकीय सहायता;

११. विस्तृत सञ्चालन मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि निम्न विषयसम्बन्धी विस्तृत व्यवस्था बोर्डले जारी गर्ने लगानीकर्ता गुनासो व्यवस्थापन निर्देशन बमोजिम हुनेछ।

(क) गुनासो दर्ता ढाँचा;

(ख) गुनासो वर्गीकरण म्याट्रिक्स;

(ग) अनुसन्धान विधि;

(घ) समाधान समयसीमा;

(ङ) एस्केलेशन प्रक्रिया;

(च) विवाद समाधान प्रक्रिया;

(छ) नियामक प्रतिवेदन ढाँचा।

अनुसूची-१५

(नियम ५१ सँग सम्बन्धित)

बोर्डको निरीक्षण, सुपरिवेक्षण तथा अनुपालन मूल्याङ्कन सम्बन्धी न्यूनतम मापदण्ड

१. आधारभूत सिद्धान्त

निरीक्षण तथा सुपरिवेक्षण निम्न सिद्धान्तहरूमा आधारित हुनु पर्नेछः

(क) जोखिम-आधारित;

(ख) निष्पक्ष;

(ग) पारदर्शी;

(घ) प्रमाण-आधारित;

(ङ) समान व्यवहार;

(च) सुधारमुखी

२. निरीक्षणका क्षेत्र

निरीक्षणका क्रममा कम्तीमा देहायका विषयहरूको परीक्षण गर्न सकिनेछः

(क) नियामकीय अनुपालन

- नियम, निर्देशन तथा परिपत्रको पालना।

(ख) जोखिम व्यवस्थापन

- जोखिम व्यवस्थापन प्रणाली, मार्जिन, अधिकतम सीमा (एक्सपोजर) तथा खुला अवस्था स्वतः बन्द

(ग) कारोबार सञ्चालन

- आदेश व्यवस्थापन, कारोबार कार्यान्वयन, तथा अभिलेख राख्ने

(घ) सूचना-प्रविधि

- प्रणाली सुरक्षा, पहुँच नियन्त्रण, अडिट ट्रेल, साइबर सुरक्षा

(ङ) लगानीकर्ता संरक्षण

- ग्राहक गुनासो, खुलासा, ग्राहक सम्पत्ति सुरक्षा।

(च) आन्तरिक नियन्त्रण

- गुनासो, आन्तरिक लेखापरिक्षण, आन्तरिक नियन्त्रण फ्रेमवर्क

(छ) व्यवसाय निरन्तरता

- व्यवसया निरन्तरता योजना, विपद् पुनःस्थापन योजना तथा साइबर घटना तयारी

३. निरीक्षण प्रक्रिया

निरीक्षणमा आवश्यकतानुसार देहायका कार्यहरू समावेश हुन सक्नेछन्‘

(क) अभिलेख परीक्षण;

(ख) प्रणाली परीक्षण;

(ग) नमूना कारोबार परीक्षण;

(घ) कर्मचारीसँग अन्तर्वार्ता;

(ङ) दस्तावेज समीक्षा;

(च) डिजिटल अभिलेख परीक्षण।

४. आवश्यक सहयोग

सम्बन्धित संस्थाले निरीक्षण टोलीलाई आवश्यक अभिलेख, प्रणाली पहुँच, विवरण तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

५. निरीक्षण प्रतिवेदन

निरीक्षण सम्पन्न भएपछि बोर्डले आवश्यकतानुसार देहायका विषय समेटिनेगरी निरीक्षण प्रतिवेदन तयार गर्नेछ।

(क) प्रमुख निष्कर्ष;

(ख) अनुपालन अवस्था;

(ग) कमजोरी;

(घ) जोखिम मूल्याङ्कन;

(ङ) सुधारात्मक सिफारिस;

६. सुधारात्मक कार्ययोजना

निरीक्षणबाट देखिएका कमजोरीहरू सुधार गर्न सम्बन्धित संस्थाले समयबद्ध सुधारात्मक कार्ययोजना तयार गरी बोर्डसमक्ष पेश गर्नु पर्नेछ।

७. फलो-अप अनुगमन

बोर्डले सुधारात्मक कार्ययोजनाको कार्यान्वयनको अनुगमन गर्न तथा आवश्यक परे पुनः निरीक्षण गर्न सक्नेछ।

८. जोखिम वर्गीकरण

बोर्डले निरीक्षणको निष्कर्षका आधारमा सम्बन्धित संस्थाको जोखिम स्तर वा अनुपालन अवस्थाको वर्गीकरण गर्न सक्नेछ।

९. अभिलेख संरक्षण

निरीक्षण प्रतिवेदन, कार्यपत्र, प्रमाण, पत्राचार तथा सम्बन्धित अभिलेख सुरक्षित राख्नु पर्नेछ।

१०. गोपनीयता

निरीक्षणका क्रममा प्राप्त गोप्य सूचना प्रचलित कानूनबमोजिम सुरक्षित राख्नु पर्नेछ।

११. विस्तृत निरीक्षण मापदण्ड

यस अनुसूचीको कार्यान्वयनका लागि आवश्यक देहायका विस्तृत व्यवस्था समेटिएको बोर्डले जारी गर्ने निरीक्षण तथा सुपरिवेक्षण म्यानुअल बमोजिम हुनेछ।

(क) निरीक्षण;

(ख) सुपरिवेक्षण पद्धति;

(ग) जोखिम मूल्याङ्कन विधि;

(घ) परिपालन रेटिङ्ग फ्रेमवर्क;

(ङ) सुधारात्मक कारवाही निगरानी;

(च) पुनःनिरिक्षण प्रक्रिया;

(छ) निरीक्षण प्रतिवेदन ढाँचा।

***